
# लेखापरीक्षण प्रतिवेदन

## रामग्राम नगरपालिका, नवलपरासी

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## रामग्राम नगरपालिका, नवलपरासी

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/561

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
रामग्राम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
नवलपरासी बर्दघाट सुस्ता पश्चिम।

**कैफियतसहितको राय**

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण,स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेट तुलनात्मक विवरण,स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म. ले. प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. २१ करोड ४९ लाख ९९ हजार , स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २१ लाख ३५ हजार र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४ लाख १५ हजार समेत गरी रु. २१ करोड ७५ लाख ४९ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु. २ अर्व १३ करोड २३ लाख ४६ हजारको लेखापरीक्षण गरिएकोमा रू. ४ करोड ४२ लाख २२ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा नगरपालिकाले तोकिएबमोजिम फर्स्यौट गरी संपरीक्षणका लागि पेश गरेको छैन।बाँकी बेरुजु रु. ४ करोड ४२ लाख २२ हजारमध्ये असुल गर्नुपर्ने रू. २२ लाख २८ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ६५ लाख ५० हजार, नियमित गर्नुपर्ने रु. २ करोड ५३ लाख ८३ हजार र पेस्की बाँकी रु. ६० हजार रहेको छ। गत वर्षसम्म रु. १७ करोड ४७ लाख हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २१ करोड ८९ लाख २२ हजार रहेको छ।बेरुजु वर्गीकरण,

अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने रामग्राम नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी रामग्राम नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५९ | ४२ | ४,४२,२२,०२० | ० | ० | ० | ० | ५९ | ४२ | ४,४२,२२,०२० | २२,२८,२५२ | २,५३,८३,२४७ | १,६५,५०,५२१ | ० | ० | ४,१९,३३,७६८ | ६०,००० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपरासी बर्दघाट सुस्ता पश्चिम | १७,४७,००,००० | ० | ० | | ० | ४,४२,२२,०२० | २१,८९,२२,०२० |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|
| विगतको लेखापरीक्षण बक्यौता नरहेको। | |

# (८०५४७४०२३०० - रामग्राम नगरपालिका, नवलपरासी )

# परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।१०।१२ देखि २०८१ ।१०।२५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** नगरपालिकाको आय -व्यय तर्फ रु. २ अर्व १३ करोड २३ लाख ४६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १ लाख ९ हजार असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | आलेप द्वारा औंल्याएको वेरुजु रु १०९१०८ दाखिला | १०९१०८ |

पालिकाको एकीकृत आयव्यय निम्नानुसार छः

| आयतर्फ | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| **गत वर्षकोजिम्मेवारी** | | १५७७६३४३०.११ | चालु खर्च | ४३६७५२८९४.३५ | |
| क) नगद | | | पूँजीगत खर्च | ३८४४७१७३८.९५ | |
| ख) बैंक | ८५०२९०७५.२५ | | EFT रिजेक्ट भई भुक्तानी दायित्व वांकी | | |
| ग) धरौटी | २८६९३८२२.९० | | धरौटी फिर्ता | ११०७५११३९.४८ | |
| घ बिबिध कोषहरु | १७१३९६७२.५७ | | बिविध खर्च खाताहरु खर्च | ६९८६६६५.२७ | |
| ङ) बिविध खर्च खाताहरु | २४३५३७५८.२३ | | प्रकोप व्यवस्थापन कोष खर्च | १२४११७८.०० | |
| च) प्रकोष व्यवस्थापन कोष | २५४७१०१.१६ | | बिबिधकोष खाताहरुको खर्च | २१७५६६२.०० | |
| **राजस्व ( आन्तरिक आय)** | | २२८०५१९२९.४७ | सामाजिक सुरक्षा तथा संरक्षण खर्च | २१४९९८९२३.०० | |
| क) आन्तरिक राजस्व | ६५५६०५२४.४८ | | गरिबसंग बिशेश्वर कार्यक्रम | ४१५०००.०० | |
| ख) राजस्व बाँडफाँड प्रदेश सरकार | १२४८३२३०.९७ | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २१३५०००.०० | |
| ग) राजस्व बाँडफाँड संघीय सरकार | १०२३०५२५१.६२ | | **सशर्त अनुदान फिर्ता** | | |
| घ) अन्य आय (रजिष्ट्रशन बिज्ञापन बन रोयाल्टी दहतर वहतर) | ४७७०२९२२.४० | | **जम्मा ब्यय** | | १०६०२५२२०१.०५ |
| **संघीयसरकारवाट प्राप्त अनुदान** | | ५६१२९९६१६.८१ | मौज्दात श्रेस्ता अनुसार | | |
| क) वित्तिय समानीकरण अनुदान | १४८८०००००.०० | | बैक मौज्दात (संचित कोष) | ८४६९०६६०.२३ | |
| ख) सशर्त अनुदान | ४००२३१२९७.८१ | | धरौटीमौज्दात | ३२८६३५३५.४२ | |
| ग) समपूरक अनुदान | ५२५४९५०.०० | | बिबिध कोष खाता मौज्दात | २१६७०१४७.०६ | |
| घ) विशेष अनुदान | ७०१३३६९.०० | | प्रकोप व्यवस्थापन कोष मौज्दात | १३०५९२३.१६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ३१६९१४८८.०० | बिविध खर्च खाता मौज्दात | २८९१८६७०.५४ | |
| क) वित्तिय समानीकरण अनुदान | ९०९५२५०.०० | | **आन्तरिक राजश्व मौज्दात** | १५६८१६.०० | |
| ख) सशर्त अनुदान | १०७२१४८६.०० | | **जम्मा मौज्दात श्रेस्ता अनुसार** | | १६९६०५७५२.४१ |
| ग) समपुरक अनुदान | १०५४६७४३.०० | | मौज्दात बैक अनुसार | | |
| घ) विशेष अनुदान | १३२८००९.०० | | बैक मौज्दात (संचित कोष) | ८४६९०६६०.२३ | |
| **बिभिन्न कोषको तर्फको आय** | | १८२५७७१४.०७ | धरौटीमौज्दात | ३२८६३५३५.४२ | |
| बिबिध कोष खाता | ६७०६१३६.४९ | | बिबिध कोष खाता मौज्दात | २१६७०१४७.०६ | |
| प्रकोप ब्यवस्थापन कोष | | | प्रकोप ब्यवस्थापन कोष मौज्दात | १३०५९२३.१६ | |
| बिविध खर्च खाता | ११५५१५७७.५८ | | बिविध खर्च खाता मौज्दात | २८९१८६७०.५४ | |
| **विषयगत निकायवाट प्राप्त रकम** | | २३२७९३७७५.०० | **आन्तरिक राजश्व मौज्दात** | १५६८१६.०० | |
| धरौटी आय | १५२४४८५२.०० | | जम्मा मौज्दात बैक अनुसार | | १६९६०५७५२.४ |
| सामाजिक सुरक्षा तथा संरक्षण | २१४९९८९२३.०० | | **फरक** | | नभएको |
| गरिबसंग बिशेश्वर कार्यक्रम | ४१५०००.०० | | **बैक अनुसार कुल जम्मा** | | १६९६०५७५२.४१ |
| **स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम** | २१३५०००.०० | | **श्रेस्ता अनुसार कुल जम्मा** | | **१६९६०५७५२.४१** |
| जम्मा | १२२९८५७९५३ | १२२९८५७९५३ | जम्मा | १२२९८५७९५३ | १२२९८५७९५३ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुद्बढ वनाउनु पर्दछ।

३ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८०।०३।१० गते रु. १ अर्व २१ करोड ४४ लाख ७१ हजारको बजेट सभा समक्ष पेश गरी २०८०।०३।१० गतेनै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।१० मा पारित भएकै दिन प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

४ **बजेट विनियोजनः**

आर्थिक वर्ष २०८०।८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।

| **कुल बजेट** | **चालु बजेट रु.** | **प्रतिशत** | **पूँजीगत बजेट रु.** | **प्रतिशत** |
|---|---|---|---|---|
| १२१४४७१४६४ | ५४२२३७१४१ | ४४.६४ | ६७२२३४३२३ | ५५.३६ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु १ अर्व २१ करोड ४४ लाख बजेट विनियोजन भएकोमा चालु तर्फ रु ५४ करोड २२ लाख अर्थात ४४.६४ प्रतिशत र पूँजीगत तर्फ रु ६७ करोड २२ लाख ५५.3६ प्रतिशत बजेट विनियोजन भएको छ । चालु बजेटलाई वाञ्छित सिमा भित्र राखि पुंजीगत बजेट अभिवृद्धि गर्नुपर्दछ ।

५ **अबण्डा बजेटः**

पालिकाले यस वर्ष विभिन्न शीर्षकमा रु. ७० लाख बजेट अबण्डा राखी नगर प्रमुख तथा वडा समितिको निर्णयबाट रु ५० लाख ९१ हजार देहाए बमोजिम खर्च गरेको छ ।

| **क्र स** | **अवण्डा बजेट रु** | **संचालित योजना संख्या** | **खर्च रु** |
|---|---|---|---|
| १ | नगरपालिका तर्फ | सार्वजनिक निर्माण | ५० लाख ९१ हजार |

बजेट अवण्डा राखी नगरसभाबाट स्वीकृत नभएका योजनाहरुमा कार्यपालिका तथा नगरप्रमुखको निर्णयबाट खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

६ **मौज्दात रकमः**

पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु ८२ करोड १२ लाख २४ हजार खर्च गरेको छ भने पालिकाको संचित कोषमा रु ८ करोड ४६ लाख ९० हजार र आन्तरिक राजश्व खातामा १ लाख ५६ हजार मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सर्दै गईरहेको अवस्थाले पालिकाको लक्षित उद्देश्य पूरा गर्न कठिन हुने देखिएकाले सो रकमको उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

७ **क्षेत्रगत बजेट र खर्चः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु हजारमा)

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ५,६५,५० | २,७९,२९ | ४९.३९ |
| सामाजिक विकास | ३९,६१,९३ | ३०,५०,८६ | ७७ |
| पूर्वाधार विकास | ५७,७१,९७ | ३४,७९,५८ | ६०.२८ |
| सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | १,०५,७४ | ३६,१२ | ३६.१७ |
| कार्यलय सञ्चालन | १७,३९,५४ | १३,६६,३७ | ७८.५५ |
| **जम्मा** | १,२१,४४,७१ | ८२,१२,२४ | ६७.६१ |

उपरोक्तानुसार कुल खर्च मध्ये आर्थिक विकासमा ४९.३९, प्रतिशत सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा ३६.१७ र पूर्वाधार विकासमा ६०.२८ प्रतिशत खर्च भएको देखिदा वजेट विनियोजन तथा खर्च गर्दा सन्तुलित तथा समन्यायिक हिसावले खर्च गर्ने प्रद्धतिको विकास गर्नुपर्दछ ।

## ८ त्रैमासिक पूँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रेमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

| **सि.नं.** | **पूँजीगत खर्च शीर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च (रु.हजारमा)** | | | | **आषाढ महिनाको मात्र खर्च** |
|---|---|---|---|---|---|---|---|
| | | | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेस्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | |
| १ | पूँजीगत कूल खर्च | ३८४४७१ | ६९४८४ | ६७९०९ | ९०४०९ | १५६६६९ | ६७५६३ |
| | खर्च प्रतिशत | १०० | १८ | १७ | २४ | ४१ | १८ |

उल्लेखित विवरण अनुसार कुल खर्च मध्ये चौथो त्रैमासिक पूँजीगत खर्चको ४१ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैले चौथो त्रैमासिकमा बढी खर्च गर्दा सार्वजनिक निर्माणको गुणस्तर र अनुगमन नियमनमा समेत असर पर्ने हुंदा यस्तो खर्च गर्ने पद्धतिमा नियन्त्रण नियन्त्रण हुनुपर्दछ ।

## ९ योजना छनौट र कार्यान्वयनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

रु हजारमा

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | १२ | ९७२ |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | ४८ | ९५७९ |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ६० | २४५९९ |
| ४ | रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | ८७ | ६६३७२ |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | ४९ | ५७२१७ |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | २४ | १०९३३३ |
| | **जम्मा** | **२८०** | **२६८०७५** |

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ ।

१० **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| १० | ५० | ६० | ५० | १० |

उपरोक्तानुसार गत वर्षको १० वटा यो वर्ष ५० गरि जम्मा ६० वटा मुद्धा दर्ता भएकोमा ५० वटा फछ्र्यौट भई १० वटा मुद्धा वांकी रहेको छ । फछ्र्यौट हुन वांकी मुद्धालाई तदारुकताका साथ न्याय निरुपण गर्नुपर्दछ ।

११ **कानुन निर्माणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम १०७ कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । पारित भएका १०७ ऐन नियमलाई अनिवार्य रुपमा राजपत्रमा प्रकाशित गरी प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | ऐन | ३८ |
| २ | नियमाननियमावली | ८ |
| ३ | कार्यविधि तथा निर्देशिका | ६० |
| ४ | मापदण्ड र मार्गदर्शन | १ |
| ५ | आचारसहिंता | ० |
| | **जम्मा** | १०७ |

१२ **सेवाप्रवाहको स्थितिः**

सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन २०६५ वमोजिम सार्वजनिक निकायले सेवा प्रवाहलाई छिटो छरितो पहुंचयोग्य वनाउनुपर्दछ । यस पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न विषयमा विभिन्न प्रकारका २०८५ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रवाह गरेको छ तर केकति सेवाग्राहीले सेवाको लागि निवेदन दिएका थिए सो को रेकर्ड प्राप्त हुन सकेन। पालिकाले सेवा प्रवाहको पृष्ठपोषणको रुपमा सेवाग्राही सन्तुष्टी फारमको विकास गरि पृष्ठपोषणको समेत व्यवस्था गर्नुपर्दछ ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | ९८७ |
| मृत्यु दर्ता | ४३६ |
| बसाईसराई दर्ता | १६१ |
| विवाह दर्ता | ४७० |
| सम्बन्ध विच्छेद दर्ता | ३१ |
| **जम्मा** | २०८५ |

१३ **सहकारी संस्थाको अनुगमनः**

नेपालको संविधान २०७२ को अनुसुचि ८ मा सहकारी संस्था दर्ता अनुगमन नियमन गर्ने अधिकार पालिकामा रहने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरेको विवरण देहाय बमोजिम रहेको छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रु | ऋण लगानी रु | जगेडा कोष |
|---|---|---|---|---|---|
| वचत तथा क्रृण सहकारी संस्था लि. | १२ | १०७७३ | ६५३७०४९० | १०८६३१३७९ | २८५५८८६३ |
| बहुउदेश्यीय सहकारी संस्था लि. | ७ | | | | |
| क्रृषि सहकारी संस्था लि. | १० | | | | |
| सुचना तथा संचार सहकारी | १ | | | | |
| **जम्माः** | ३० | १०७७३ | ६५३७०४९० | १०८६३१३७९ | २८५५८८६३ |

पालिकाको कार्यक्षेत्रभित्र कुल ३० सहकारी दर्ता भएकोमा यस वर्ष २० वटा सहकारीको मात्र अनुगमन भएको पाईयो । पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि उल्लेख्य रुपमा अनुगमन भएको नदेखिदा सहकारी संस्थामा देखिएका विचलन न्युनिकरण गर्नका लागी सहकारी संस्थाको नियमित अनुगमन गर्नुपर्दछ ।

१४ **पेश्की वांकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछ्यौट गर्ने कार्यविधि तोकेको छ। पालिकाले यस वर्ष विभिन्न व्यक्ति तथा संस्थालाई कार्य गर्न पेश्की दिएकोमा समय सिमा भित्रै पेश्की फछ्यौट गर्नुपर्ने रु

| भौ.नं. | पेस्कीकोविवरण | पेश्कीलिने ब्यक्ति फर्म वा कम्पनीको नाम | म्यादननाघेको | म्यादनाघेको |
|---|---|---|---|---|
| ४८९।२०८०।१०।२६ | मसलन्द तथा कार्यालय सामाग्री | सन्तोष कुमार घिमिरे | ० | ३०००० |
| ६४१।२०८०।१२।१६ | दैनिक भ्रमाण भत्ता वापत | दिपक कुमार गैरे | ० | ३०००० |
| २।२०८०।६।२२ | बाटो निर्माण | आशिष आश्रृवाद जे भि | ११३९९५३० | ० |
| १४।२०८०।९।३ | बाटो निर्माण | आशिष आश्रृवाद जे भि | २६२४९५३० | ० |
| ७४।२०८०।६।२९ | त्रिलोकपुरमा नाला निर्माण | पाठक कन्स्ट्रक्सन | १२२००० | ० |
| | जम्मा | | | ६०००० |

| | |
|---|---|
| पेश्की | ६०,००० |

१५ **वित्तिय विवरणको विश्लेषणः**

पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु.११,३२,६३,४४६.८८ राजस्व बाँडफाँड रु.११,४७,८८,४८२.5९ र अनुदानबाट रु.५९,२९,९१,१०४.८१ समेत रु. ८२,१०,४३,०३४.३५ आम्दानी भएकोमा चालुतर्फ रु.४३,६७,५२,८९४.३५ र पूँजीगततर्फ रु. ३८,४४,७१,७३८.९५ समेत रु ८२,१२,२४,६३३.३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १३.७९ प्रतिशत रहेको छ । पालिकाले यस वर्ष गरेको खर्चमा आन्तरिक आयको हिस्सा १३.७९ प्रतिशत भएको देखिदा आन्तरिक आयको अवस्था सन्तोषजनक देखिएन आन्तरिक आयको क्षेत्रलाई विस्तार गरि बिकासात्मक तथा दैनिक प्रशासनिक कार्यमा लगाउन सकिने हुंदा समग्र आर्थिक विकास र समृद्धि तथा दिगो विकासको लक्ष्य हांसिल गर्ने तर्फ ध्यान पुर्याउनुपर्दछ ।

१६ **तलवी प्रतिवेदन** -

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १८० मिति २०७६।५।१८ गतेको परिपत्र वमोजिम स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटाईएका कर्मचारीहरुको तलवी प्रतिवेदन नेपाल सरकारको मिति २०७६।५।१८ गतेको निर्णय वमोजिम सम्वन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने उल्लेख भएकोमा यस पालिकाले पालिकाबाटै पालिकाका ५८ जना स्थायी कर्मचारीहरुको तलबि प्रतिबेदन पारित गरी जम्मा तलव भत्ता वापत रु ३ करोड २० लाख ३३ हजार खर्च लेखेको छ भने कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्नुपर्ने तलबी प्रतिबेदन पारित नगरी तलब भुक्तानी गरेकोले तलबी प्रतिबेदन पारित गरेर मात्र तलब भुक्तानी गर्नुपर्दछ ।

१७ **स्थानीय तहमा संगठन संरचना** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति सो बमोजिम गर्नुपर्ने उल्लेख छ तर पालिकाले सो बमोजिम संगठन संरचना कायम गरेको छैन । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी कायम गरेको लेखापरीक्षणको समयमा जनाएता पनि संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिबेदन सम्बन्धित निकायबाट स्विकृत नगराएकोले सो स्विकृत गराएको आधारमा मात्र दरबन्दी कायम गर्नुपर्दछ ।

१८ **स्विकृत दरबन्दी बेगर करार कर्मचारी**-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न पदमा ८८ जना कर्मचारी करारमा र ३७ जना ज्यालादारीमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.२,७२,६३,३१३ /- खर्च लेखेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेक कम्प्यूटर अपरेटर, अमिन, सरसफाई

सुपरभाईजर, सामाजिक परिचालक, इलेक्ट्रिसियन, उद्यम विकास सहजकर्ता लागयतका विभिन्न पदमा दरबन्दी स्विकृत नभएका ११ जना कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता रु. १८,६८,३१९ /- भुक्तानी गरेको छ। त्यस्तै पालिकाले त्यसका अतिरिक्त कार्यालय तथा विभिन्न वडामा गरी ३७ जना कार्यालय सहयोगी समेत राखी थप खर्च गरेको पाइयो । यसरी वर्षभरी दरबन्दी भन्दा बढी तथा अनावश्यक कर्मचारी नियुक्त गरी निजहरुको तलब भत्तामा गरेको खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १८,६८,३१९ |

१९ **आर्थिक सहायता** -

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. २१ लाख ७९ हजार आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । त्यस्तै पालिकाबाट आर्थिक सहायता प्राप्त गर्नेको विवरण पालिकाले सूचना पाटी तथा वेभसाइटमा सार्वजनिकि गर्नुपर्दछ ।

२० **अनुत्पादक खर्च**-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न महोत्सव तथा सभा ।सम्मेलन , पूजा ,पर्व, सांस्कृति संरक्षण लागायतमा यस आर्थिक वर्षमा विभिन्न भौचरहरुबाट रु १८,०८,१३५ /- खर्च गरेको देखिएको छ । पालिकाको आन्तरिक आय कमजोर रहेको अवस्थामा अत्याधिक मात्रामा यस किसिमको खर्च गरेको पाइएको छ । पालिकाले आन्तरिक तथा समानिकरण तर्फको बजेटबाट यस किसिमको खर्च गरेको देखिएको छ । पालिकाले यस किसिमको खर्च गर्दा मितव्ययी तरिकाले गर्नुपर्दछ ।

| कार्यक्रम | स्रोत | रकम |
|---|---|---|
| अन्य संस्था सहायता | आन्तरिक | ४,९७,७०५ |
| वडा नं २ सांस्कृतिक जगेर्ना | समानिकरण | २,५०,००० |
| वडा नं ६ सांस्कृतिक जगेर्ना | समानिकरण | १,५०,००० |
| वडा नं ७ विभिन्न चाड पर्व व्यवस्थापन | आन्तरिक | ६३,२८० |
| वडा नं ९ सांस्कृतिक कार्यक्रम | समानिकरण | १,५०,००० |
| वडा नं १० सांस्कृतिक कार्यक्रम | समानिकरण | १,००,००० |
| वडा नं १४ खिचडी सांस्कृतिक कार्यक्रम | समानिकरण | १,००,००० |
| वडा नं १५ सांस्कृतिक जगेर्ना कार्यक्रम | आन्तरिक | १,८३,००० |
| वडा नं १६ छठ पुजा मेला कार्यक्रम | समानिकरण | २,४९,१५० |
| वडा नं १८ बडगी सांस्कृतिक कार्यक्रम | समानिकरण | ५०,००० |
| वडा नं १८ मगर दिवस कार्यक्रम | आन्तरिक | १५,००० |
| जम्मा | | १८,०८,१३५ |

२१ **खेलकुदमा अत्याधिक खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।यस पालिकाले पालिका तथा वडामा बजेट छुट्याई खेलकुद सम्बन्धित विभिन्न शीर्षकमा खर्च लेखी रु २०,८४,३९६ /- खर्च लेखेको छ । पालिकाले यस किसिमको खर्च तथा सहयोग गर्दा कार्यविधि बनाएर मात्र गर्नुपर्दछ ।तर

पालिकाले विभिन्न खेलकुद कार्यक्रम तथा सहयोग उपलब्ध गराउँदा निश्चित कार्यविधि तयार नगरी अधिक मात्रामा खर्च गरेको देखिएकोले यस किसमिको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| कार्यक्रम | स्रोत | रकम |
|---|---|---|
| विभिन्न विधामा नगर खेलकुद कार्यक्रम | समानिकरण | १०,२५,००० |
| वडा नं २ खेलकुद सामग्री खरिद | समानिकरण | २,२७,५८५ |
| वडा नं ६ खेलकुद सामाग्री वितरण | आन्तरिक | ४९,१८८ |
| वडा नं ७ बालबालिकाहरुलाई खेलकुद सामाग्री खरिद तथा वितरण | आन्तरिक | ४९,१८३ |
| वडा नं ९ युवा तथा बालबालिकालाई खेलकुद सामाग्री वितरण | समानिकरण | १,४९,८२५ |
| वडा नं १० युवा क्लबहरुलाई खेलकुद सामाग्री वितरण | समानिकरण | ९८,५१५ |
| वडा नं ११ खेलकुद सामाग्री वितरण | आन्तरिक | १,००,००० |
| वडा नं १४ बालबालिका तथा यूवाहरुको लागी खेलकुद कार्यक्रम | समानिकरण | २,००,००० |
| वडा नं १५ खेलकुद कार्यक्रम ( भलिबल, फुटबल र क्रिकेट) तथा खेलकुद सामाग्री खरिद र साँस्कृतिक जगेर्ना | आन्तरिक | १,८५,००० |
| जम्मा | | २०,८४,२९६ |

२२ **शिल्डकोटेशनद्वारा खरिदः**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गर्न नहुने, सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७ मा खरिद गुरु योजनामा अधिकतम प्रतिस्पर्धाको लागि खरिदलाई टुक्र्याइने वा प्याकेज बनाइने व्यहोरा खुलाउनु पर्ने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष देहायका कार्यहरु रु.२० लाख भित्रका लागत अनुमान तयार गरी १२१ वटा दरभाउपत्रको माध्यबाट कार्य गराई रु.६,६७,२७,९२१।- भुक्तानी गरेको देखिन्छ । यस्तै किसिमको अन्य निर्माण कार्य बोलपत्रको माध्यमबाट माग गर्दा लागत अनुमानभन्दा ३६ प्रतशतसम्म घटीमा काम गर्ने गरी बोलपत्र परी स्वीकृत भएको अवस्था छ । पालिकाले कामको प्रकृति र स्थान अनुसार प्याकेज बनाई बोलपत्र माग नगरेकोले सीमित प्रतिस्पर्धा भएको देखियो । पालिकाले निर्माण कार्य,सेवा तथा मालसामानको प्रकृति अनुसार प्याकेज बनाई प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नु पर्दछ । मुख्य मुख्य योजनाको विवरण देहायवमोजिम छनः

| SQ NO | योजनाको विवरण | निर्माण व्यवसायी | लागत अनुमान | कवोल अंक |
|---|---|---|---|---|
| १५।२०८०।८१ | रामग्राम १५ गिनाहा | साल्गादेभी निर्माण | १५१३०९३ | ९३९७६४ |
| २०।२०८०।८१ | वनदेवि मन्दिर पार्क | लुम्विनी कन्स्ट्रक्सन | १९९९४५५ | १२४५८९५ |
| २१।२०८०।८१ | सडक तथा नाला वडा नं १३ | लुम्विनी कन्स्ट्रक्सन | १९९९१८६ | १४२०७८२ |
| २३।२०८०।८१ | वसन्तपुर पाथरदेवा | लुम्विनी कन्स्ट्रक्सन | १८९६४८२ | १२५६०४८ |
| २४।२०८०।८१ | अमरत गाँउमा नाला | लुम्विनी कन्स्ट्रक्सन | १८९२९३६ | १२९२४७२ |

२३ **निर्माण कार्यमा विमाः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ (१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रूपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यावसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च, निर्माण कार्यको कुनै भाग भत्काउन, हटाउन वा हानी नोक्सानी भए बापत हुने खर्च वा सो सम्बन्धि आनुषाङ्गिक खर्च समेट्नका लागि प्रतिस्थापन खर्चको १५ प्रतिशत रकम वा अतिरिक्त रकम, निर्माणस्थलमा ल्याएको उपकरण र अन्य वस्तुको

प्रतिस्थापन खर्च, निर्माण व्यावसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको नियम ११२(२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानी र निर्माण व्यावसायीको दायित्वहरूको बीमा गराउनुपर्ने उल्लेख छ। यस पालिकाले ठेक्का बन्दोबस्त गरेका निम्नानुसारका बीस लाख भन्दा बढीका निर्माण कार्यको खरिद सम्झौता गर्दा बीमा व्यवस्था नगरिएको देखियो। कार्यालयले खरिद सम्बन्धमा बोलपत्र सम्बन्धि कागजात तयार गर्दा नै नियमको पालना गर्नेतर्फ ध्यान नदिनु यसको कारण हो। यसबाट निर्माण कार्य तथा यन्त्र उपकरण तथा निर्माण संलग्न श्रमिक तथा अन्य व्यक्ति समेत जोखिममा रहने र प्रतिस्थापन खर्च व्यहोर्ने स्रोतको अभावमा निर्मित संरचनामा क्षति पुगेमा पुनर्निर्माण गर्न नसकिने र थप व्ययभार पर्ने देखिन्छ।अत: तोकिए बमोजिम बीमा गरी निर्माण गरिने योजनामा हुनसक्ने क्षति प्रतिस्थापनको व्यवस्था गर्नेतर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

| ठेक्का नं | आयोजनाको विवरण | निर्माण व्यवसायी | ठेक्का अंक |
|---|---|---|---|
| RAM/EB/80.81.01 | वज्ररियादेखि वड्गो सडक | यादव कन्स्ट्रक्सन | ४००२८२४।०० |
| RAM/EB/80.81.2 | ओचवल देखि भुष्नापुर | यादव कन्स्ट्रक्सन | ३५०७२०८।०० |
| RAM/EB/80.81.3 | ओमशान्ति सडक | ज्योति कन्स्ट्रक्सन | ३५७६७२०।०० |
| RAM/EB/80.81.8 | लाईन नं ६ चोकदेखि माहवखोला | लिभि निर्माण सेवा | ३१३९५९२।०० |
| RAM/EB/80.81.4 | जामुवाड देखि वाडाटिकर सडक निर्माण | वुद्धभूमि कन्स्ट्रक्सन | ४०३१७२८।०० |

२४ **वडा पिच्छे सडक वत्तीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा एक आपसमा अन्तर सम्बन्धीत कार्यहरुलाई एउटै प्याकेज बनाइ खरिद गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले नगरपालिका भरिका सडक बत्ती मर्मत तथा नयाँ जडानका लागि बर्षभरिमा प्रत्येक १७ वटा वडा तथा नगरपालिकामा रु.७० लाख वजेट व्यवस्था गरी पटक पटक गरी रु.६९ लाख ४३ हजार खर्च गरेको देखिन्छ । यस कार्यका लागि कोटेशन विधिबाट रु.१,००,०००।देखि ९,९४१६८।०० सम्मका सामाग्रीहरु खरिद गरेको देखिन्छ । यसरी एकै प्रकृतिको कार्यलाई टुक्रापारि पटकपटक प्रतिस्पर्धा सिमित हुने गरी खरिद नगरी एउटै प्याकेज बनाई खरिद नगरी पटके रुपमा खरिद गरेको कार्य नियमसम्मत नदेखिएको रु.

| सि नं | गो भौ. नं मिति | योजनाको विवरण | आपूर्तक | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | २०।२०८०।०५।१० | पोल स्थान्तरण | सुशान्त निर्माण सेवा | ३६८९४५ |
| २ | ३५/ २०८० / ०५ / १० | पोलवत्ती खरिद | रामग्राम ईलेक्ट्रिक | १९७७९० |
| ३ | ३३/ २०८० / ०५ / १० | महेशपुर चोकवाट घण्टाघरसम्म स्ट्रिट लाईट | रामग्राम ईलेक्ट्रिक | ९२२३०६ |
| ४ | ४८/ २०८० / ०५ / १० | वजारको चोकमा हाईवापर लाईट जडान | राजन कन्स्ट्रक्सन | ८४७५०० |
| ५ | ११२।२०८०।०९।११ | पोलवत्ती मर्मत तथा जडान | लाईट हाउस | २९७५६८ |
| ६ | १०८।२०८०।०९।०५ | सेन्सरवत्ती जडान | रामग्राम मल्टी सप्लार्यस | ३४८०७९ |
| ७ | १२९।२०८०।०९।१६ | विजुली वत्ती पूरै वडामा | युनियन ट्रेडर्स | २९६८९६ |
| ८ | २२६।२०८०।१२।१६ | पोलवत्ती जडान तथा मर्मत | ऋषि ट्रेड एण्ड सप्लायर्स | २९६७६६ |
| ९ | २२२।२०८०।१२।१३ | पोलवत्ती जडान तथा मर्मत | ऋषि ट्रेड एण्ड सप्लायर्स वडा १७ | २९६७६६ |
| १० | २४६।०१।१० | तारपोल वत्ती वाल गोविन्द | नेपाल हाईमाष्ट | ९९४१६८ |
| ११ | ६९९।२०८१।१।४ | पोलबत्ति जडान | पटेल कन्स्ट्रक्शन | ९९६६६ |
| १२ | ६७५।२०८०।१२।२३ | पोलबत्ति जडान तथा मर्मत | शुभम इलेक्ट्रिक्स | १९९०३ |
| १३ | ९७५।२०८१।३।२० | पोलबत्ति जडान तथा मर्मत | मनकामना लाईट हाउस | ८७०२४६ |
| १४ | ९३०।२०८१।३।१७ | बुद्धचोक देखि जि प्र का सम्म पोलबत्ति जडान तथा मर्मत | जि एण्ड जि ट्रेड सप्लायर्स | १४५३७४ |
| १५ | ५८०।२०८०।११।२७ | पोलबत्ति जडान तथा मर्मत | राजन कन्स्ट्रक्सन | १९७४२२ |
| जम्मा | | | | ६९४३२६२ |

| | |
|---|---|
| अनियमित भएको | ६९,४३,२६२ |

२५ **डि.पि.आर तयारी तथा कार्यान्वयनः**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.स. | कामको विवरण | परामर्शदाताको नाम | लागत अनुमान रु. | सम्झौता रु. | घटी प्रतिशत | खरिद बिधि |
|---|---|---|---|---|---|---|
| १ | **Preparation of Detail Project Report (DPR) of Jharahi Khola Corridor Development** | प्लाटफर्म ईन्जिनियरिङ कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि., काठमाण्डौँ | ९९९१८८.१४ | ९८७७४९.५७ | -१.१४ | QCBS |
| २ | **Preparation of Detail Project Report of Shiva Statue and Fitness Park at Ramgram Municipality, Parasi."** | स्पाईरल ग्रिड सोलुसन प्रा.लि., काठमाण्डौँ | ९९९०८४.८ | ९९४४००. | -०.४७ | QCBS |
| ३ | भलुही रतुरिया खोलाको प्रारम्भिक वातावरणीय परिक्षण | नारेप कन्सल्टेन्सी प्रा. लि., रामग्राम ०४ | ३९८१२१.६ | ३९७५००. | -०.१६ | Quotation |
| ४ | झरहीखोलाको प्रारम्भिक वातावरणीय परिक्षण | नारेप कन्सल्टेन्सी प्रा. लि., रामग्राम ०४ | ९९९८२.४ | ९९९४८.५ | -०.०३ | Quotation |
| | जम्मा | | २४९६३७६ | २४७९५९८ | -०.६७ | |

उपरोक्त विवरण अनुसार पालिकाले डि पि आर तयारी सेवा कार्यमा खुला प्रतिस्प्रर्धावाट सेवा खरिदका लागि जम्मा रु. २४ लाख ९६ हजारको लागत अनुमान तयार गरी सम्झौता अनुसार रु. २४ लाख ७९ हजार भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा ०.६७ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराई सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२६ **उपभोक्ता समितिमार्फत कार्यः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा रु १ करोड सम्म लागत भएको योजना उपभोक्ता समितिवाट गराउन सकिने व्यवस्था छ । यस वर्ष पालिकावाट सञ्चालित रु. २० लाख भन्दा कमका ६२ योजनामा रु. २ करोड ३१ लाख ७७ हजार खर्च गरेको छ । विभिन्न वडामा सञ्चालित योजनाहरुको निर्धारित गुणस्तरमा कार्य भएनभएको सम्वन्धमा पालिका उपप्रमुखवाट अनुगमन हुने व्यवस्था रहेकोमा के कति योजनाको अनुगमन निरीक्षण भयो स्पष्ट विवरण राखेको पाईएन । तसर्थः सञ्चालित योजनाको नियमित अनुगमन मुल्यांकन गरी खर्चको सुनिश्चिततामा ध्यान जानुपर्दछ ।

२७ **निर्माण कार्य व्यवस्थापनः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ वमोजिम सार्वजनिक निर्माण गर्दा प्रतिष्पर्धा सीमित हुने गरि पालिकाले आर्थिक वर्ष २०८०। ८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

| योजना तथा कार्यक्रम संख्या | ठेक्का /अमानत/कोटेशन/परामर्श सेवा | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| २८० | २१८ | २४४८९७८४१ | ६२ | २,३१,७७,३७९ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल २८० योजना मध्ये ठेक्का मार्फत २१८ वटा योजनामा रु २४ करोड ४८ लाख ९७ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ६२ योजनामा रु २ करोड ३१ लाख ७७ हजार खर्च गरेको छ । अर्थात २८० योजनामा भएको खर्च मध्ये ९१ प्रतिशत ठेक्का प्रक्रिया र ९ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

२८ **गैर सरकारी संस्थाबाट कार्य-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, सबलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थामार्फत गराउँदा छिटो, छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई गराउन सक्ने उल्लेख छ । पालिका कार्यालयले यसवर्ष विभिन्न २२ वटा कार्यक्रमहरु विभिन्न संस्था मार्फत गराएकोमा निम्नानुसार ७ वटा तालिम पालिका आफैले कर्मचारीहरु।प्रशिक्षकहरु कार्यविधि अनुसारको सुविधा दिई परिचालन गरी विषयगत शाखाबाट सम्पादन गर्न सकिने कार्यक्रमहरु पनि सम्झौता गरी रु. १९,३९,६४३।- भुक्तानी गरेको पाईयो । सामान्य तथा नियमित कार्यक्रम, कर्मचारी तालिम तथा बालबालिका र सहकारी सम्बन्धी विषयगत शाखाहरुद्वारा गर्न सकिने कार्यक्रमहरु समेत गैरसरकारी संस्थामार्फत गराउँदा थप आर्थिक व्ययभार बढ्नुको साथै कार्यक्रममा दोहोरोपना समेत हुन सक्ने जोखिम रहिन्छ । अतः पालिकाको आफ्नै विषयगत शाखाले गर्नुपर्ने नियमित प्रकृतिका यस्ता कार्यहरु गैर सरकारी संस्थामार्फत गराएको पाईएकोले सो कार्य नियमसम्मत नभएको रु.१९,३९,६४३/-

| क्र.सं. | गो.भौ.नं. र मिति | कार्यक्रमको नाम | संस्थाको नाम | रकम |
|---|---|---|---|---|
| १ | ८७२। २०८१। ३।३१ | वातावरणमैत्री स्थानीय शासन र जलवायू परिवर्त सम्बन्धि तालिम | वातावरणीय प्रदुषण चेतना र न्यूनिकरणका लागि राष्ट्रिय संगठन (NAAREP) | ४,९७,८७२ |
| २ | ६७३।२०८०। १२।२३ | पुरुषहरुको लागि AC Freeze मर्मत तालिम | रामग्राम ट्रेनिङ्ग सेन्टर | ३,४६,५०८ |
| ३ | ६३३।२०८०। १२।१५ | कुशन र डल बनाउने तालिम | जनसरोकार संस्था | १,४९,८३८ |
| ४ | ८७४।२०८१। ३।१३ | युवाहरुलाई नेतृत्व विकास तालिम | सामुदायिक विकासका लागि एकिकृत समूह | २,९८,५४६ |
| ६ | १०९८।२०८१। ३।२४ | वेशिक कम्प्यूटर तालिम | रामग्राम ट्रेनिङ्ग सेन्ट | १,४८,६४० |
| ७ | ४६७।२०८०। १०।२२ | सिलाई कटाई ।झोला बनाउने तथा व्युटि पार्लर तालिम | रामग्राम ट्रेनिङ्ग सेन्टर | ४,९८,२३९ |
| | | | जम्मा | १९,३९,६४३ |

| | |
|---|---|
| अनियमित भएको | १९,३९,६४३ |

२९ **पदाधिकारी सुविधा** -

लुम्बिनी प्रदेश, स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १३ मा सम्बन्धित स्थानिय तहले आफ्नो श्रोत तथा क्षमताका आधारमा निर्णय गरी सुविधा घटाउन सकिने तथा दफा १४ (२) मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने उल्लेख छ ।पालिकाले पालिका तर्फको विविध खर्च शिर्षक राखी खर्च गरेको छ भने पदाधिकारी तर्फ तथा वडा तर्फ पनि छुट्टै विविध खर्च शीर्षक राखी खर्च गरेको पाइएको छ । प्रदेशबाट पारीत उक्त ऐनको समानान्तर तथा दोहोरो पर्ने गरी कार्यसंचालन निर्देशिका, २०७८ जारी गरी गाउँपालिका अध्यक्षलाई प्रतिमहिना रु.२०,०००।-, उपाध्यक्षलाई रु.१२,०००।– र १८ वडाहरुको लागि प्रत्येक वडामा रु २,००,०००।- का दरले १८ वडाको कुल रु २९,४१,१४७ /- गरी वार्षिक कुल विविध खर्च रु ४३,८१,१४७/- गरेको दिखिन्छ ।बजेट शीर्षक राख्दा विविध राखेता पनि सो बाट भएको खर्च अतिथि सत्कारका लागि भएको लेखापरीक्षणको क्रममा परीक्षण गर्दा विभिन्न भौचरहरुबाट देखिएको छ । पालिकाले विविध खर्च शीर्षक राखी अतिथि सत्कार लगायतमा खर्च गरी भुक्तानी भएको पाइएको छ। पालिकाले पदाधिकारी सुविधामा प्रदेश कानुन बमोजिम प्रतिमहिना भुक्तानी गर्ने गरेको छ ।सो बाहेक पदाधिकारीको नामबाट अन्य शिर्षकमा खर्च गर्न नमिल्नेमा पदाधिकारी आफैले आफ्नो लागि निर्धारण गरेको सेवासुविधामा प्रदेश कानूनसँग बाझिने गरी वार्षिक विविध खर्चबापत लेखेको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४३,८१,१४७ |

३० **मर्मत खर्च** -

सवारी साधनको मर्मत गर्दा म.ले.प फाराम नं ४१४ वमोजिमको मर्मत आदेश कार्यालय प्रमुखबाट स्वीकृत गराई मर्मत सम्वन्धी कार्य गर्ने र मर्मत गरिएका सामानको म.ले.प. फाराम ४१५ मा अभिलेख राखी खर्च लेख्नु पर्दछ ।पालिकाले यो वर्ष मोटर साईकल/स्कुटर ३० वटा (३२ सरकारी र ४ व्यक्तिगत) र चार पाङ्ग्रे सवारी साधन ४ वटाको मर्मतमा रु.२६,५८,२०४।- खर्च गरेको छ ।पालिकाले यस वर्ष व्यक्तिगत सवारी साधन मर्मत गरी ४ वटा सवारी साधनको रु १,२७,४९२/- मर्मत खर्च लेखेको छ । कतिपय सवारी साधन मर्मत गर्दा मर्मत आदेश स्वीकृत गरेपनि अधिकांश मर्मत आदेश स्वीकृत नगरी र तत्सम्बन्धी अभिलेख PAMS मा नराखी विलमात्रको आधारमा भुक्तानी दिएको पाईयो । विशेषगरी वडाबाट हुने खर्चमा मर्मत आदेश स्वीकृत गर्ने गरेको पाइएन ।सवारी साधन मर्मत गर्दा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत अभिलेख अद्याबधिक गरेर मात्र खर्च लेख्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३१ **भ्रमण अवधिमा होटल विलको भुक्तानी :**

पदाधिकारी सुविधा तथा भ्रमण लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ३ मा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सुविधा तथा भत्ता पाउने व्यवस्था छ । तर पालिकाले पदाधिकारीको बार्षिक पारिश्रमिक सुविधामा रु १,९१,२६,०००।- खर्च गरेको छ।पालिकाले यस वर्ष पादाधिकारी भ्रमण खर्च रु ३९८६६९ खर्च भएको छ । पालिकाका पदाधिकारीहरुको भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु:

| भौ नं | मिति | विवरण | पदाधिकारी | भुक्तानी रकम | असुल |
|---|---|---|---|---|---|
| २२ | २०८०।६।१४ | नगर उपप्रमुखको काठमाडौँ भ्रमणको भ्रमण खर्च भुक्तानी गरेकोमा भ्रमण प्रयोजन नखुलेको । भ्रमण प्रतिवेदन १ पाने पेश गरेको<br>भ्रमण खर्च रु १२३०० मात्र भुक्तानी हुनपर्नेमा होटल विलसमेत को रु ३२०० खर्च भुक्तानी गरेको असुल हुनपर्न | सम्झना चौधरी | १५५०० | ३२०० |
| | | जम्मा | | | ३२०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२०० |

३२ **मसलन्द तथा कार्यालय सामग्री खर्चः-**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुलेसमेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिषर्कमा यस वर्ष जम्मा रु. ५,०६३,२०२।-खर्च गरेको छ । पालिकालाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ।

३३ **जिन्सी व्यवस्थापन :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः ।कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गरेको देखिन्छ । यसलाई निरन्तरता दिनुपर्दछ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। पालिकाले २०८१।७।२९ मा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको छ । नियमावली अनुसार जिन्सी निरीक्षण टोलीमा भण्डार जिम्मालिने वाहेको व्यक्ति हुनुपर्नेमा भण्डार हेर्ने कर्मचारी समावेश गरेको र नियमावलीले तोकेको व्यहोरा खुलाई प्रतिवेदन नलेखी जिन्सी निरीक्षण फाराममात्र भरेको छ। यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन । पालिकाले १ मोटरसाइकल बाहेक अन्य सामाग्री कुन अवस्थामा कँहा रहेको छ सो को जानकारी पालिकालाई नभएको जनाएको छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ । जिन्सी निरिक्षण प्रतिबेदनले लिलाम विक्रि गर्नुपर्ने तथा मर्मत गर्नुपर्ने उल्लेख गरेकोमा सो कार्य भएको पाइएन । पालिकाले

दिएको जानकरी अनुसार विगत १० वर्षदेखि लिलाम को प्रकृया गरेको पाइएन ।पालिकाको जिन्सी निरिक्षण प्रतिबेदनमा उल्लेख भएको सामाग्रीहरुको प्रतिबेदनमा उल्लेख भएअनुसारको कार्य गरी पालिकाको जिन्सीलाई थप व्यवस्थित गर्नुपर्दछ ।

केही उदाहरण

| सामाग्री | लिलाम संख्या |
|---|---|
| ट्याक्टर | १ |
| डेस्कटप कम्प्युटर | १२ |
| दमकल | १ |
| लेबल मेशिन | २ |
| टाटा सुमो | १ |
| कुर्ची | ७७ |

३४ **यन्त्र उपकरण सञ्चालन :**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन गरी पालिकाले इन्धन, चालक पारिश्रमिक र मर्मत खर्च तथा सञ्चालन आय निम्नानुसार रहेको छ। पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन र लगानी र आय विष्लेषण समेत गरेको पाइएन।उपकरण संचालन कार्यविधि तयार नगरी पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो। यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आयको अभिलेखिकरण नहुंदा आय गणना गर्न सक्ने अवस्था रहेको छैन। सवारी चालकहरुले दैनिक कामको अभिलेख राख्ने गरेको छैन भने हाजिरी लग सिट व्यवस्थित गरेको पाइएन । उक्त उपकरणहरुले के कति परिमाणको कार्य यस आर्थिक वर्षमा गरेको हो सो खुल्नेगरी विवरण राख्ने गरेको पाइएन ।पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।पालिकाले निम्नानुसारको खर्च गरेको देखिन्छ भने सो बाट पालिकाले के कस्तो लाभ लिएको छ सो को विवरण राखेको पाइएन ।अत: खर्च गरी सकेपछि सो को लागत लाभ विश्लेषण गरी विवरण राख्नुपर्दछ ।

| **क्र.सं.** | **सामानको विवरण** | **इन्धन लागत** | **जनशक्ति लागत** | **मर्मत लागत** | **जम्मा** |
|---|---|---|---|---|---|
| १. | स्काभेटर | २२,२९,८६५ | १,१६,१३७ | ५,२१,२३६ | |
| २. | ब्याकहोलोडर | | ७२,०५२ | | |
| ३. | ट्याक्टर २ वटा | ५,८७,६९४ | ३,७४,९१० | | |
| ४ | दमकल | २,३२,६२९ | ४,८५,९८५ | २,५३,१५४ | |
| | जम्मा | ८,२०,३२३ | १०,४९,०८४ | ७,७४,३९० | २६,४३,७९७ |

३५ **पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन :-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु.७,३०,५७६।-खर्च गरेकोले खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै जानुपर्दछ।

३६ **सवारी मर्मत र अन्य मूर्मत खर्च :-**

लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस बर्ष मर्मत

शिर्षकबाट रु २६,२५,२०४।-र कन्टेन्जेन्सीबाट समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं.४१५ अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन । पालिकाले सो सम्वन्धमा ध्यान दनुपर्दछ ।

३७ **पदाधिकारी पेश्की** -

लुम्बिनी प्रदेश, स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १३ मा सम्बन्धित स्थानिय तहले आफ्नो श्रोत तथा क्षमताका आधारमा निर्णय गरी सुविधा घटाउन सकिने तथा दफा १४ (२) मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारिण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने उल्लेख छ ।यस पालिकाले मासिक सुविधाको रकम र दैनिक भ्रमण भत्ताको रकम पेश्किको रुपमा लिने गरेको देखिएकोले नियममा नभएको यस किसिमको सुविधालाई नियमित मान्न नसकिएको ले भुक्तानी भएको पेश्कि फछ्यौंट गरी यस प्रकृतिको खर्च नियमित गर्नुपर्ने रु ४,२२,०००/-

| भौ नं | मिति | पदाधिकारी | पेश्की रकम |
|---|---|---|---|
| १६३ | २०८०।८।०७ | धनपत यादव | ५०,००० |
| ४५५ | २०८०।१०।१९ | सम्झना चौधरी | १,८०,००० |
| १८२ | २०८०।८।११ | रामवृक्ष यादव | ९६,००० |
| ३ | २०८०।५।५ | उज्वल न्यौपाने | ९६,००० |
| | जम्मा | | ४,२२,००० |

| | |
|---|---|
| अनियमित भएको | ४,२२,००० |

३८ **गत वर्षको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीकोको विवरणमा समावेश नगरी यस वर्ष भौ नं ९ मिति २०८०।५।२५ र भौ नं ४२ मिति २०८०।६।१६ बाट सरसफाई कर्मचारीहरुको गत आ व को बाँकी ज्याला भुक्तानी गरी रु ९,२७,९२५ /-खर्च लेखेको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,२७,९२५ |

३९ **इन्धन खर्च** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ ।पालिकाको कार्यसञ्चालन निर्देशिका २०७८ मा उल्लेख गरे अनुसार शाखाप्रमुखलाई मासिक १० लिटर, सहायक कर्मचारीहरुलाई ५ लिटर इन्धन सुविधा उपलब्ध गराउने तथा पालिकाका निजी सवारी साधन भएका कर्मचारीलाई समेत मासिक १० लिटर इन्धन सुविधा उपलब्ध गराउनेगरी कार्यविधि तयार गरेको छ । पालिकाले यो वर्ष ईन्धन शीर्षकबाट रु.३१,५८,३३२।खर्च लेखेको छ ।पालिकाले शाखा प्रमखलाई १०, सहायक कर्मचारीलाई ५ र प्राविधिक कर्मचारीलाई २० लिटर ईन्धन खर्च भुक्तानी भएको छ। पालिकाले व्यक्तिगत सवारी साधनहरुलाई समेत ईन्धन खर्च भुक्तानी गर्नेगरी कार्यविधि तयार गरे अनुरुप यस वर्ष ४ वटा निजी सवारी साधनलाई इन्धन सुविधा उपलब्ध गराएको छ ।पालिकाको प्राविधिक तर्फका कर्मचारीलाई मासिक २० लिटर इन्धन सुविधा उपलब्ध गराएकोमा सो अनुसार कार्यविधि तयार गरेको पाइएन । त्यस्तै पालिकाले पदाधिकारी इन्धन सुविधा वापतको इन्धन खर्चको छुट्टै अभिलेख नराखी एउटै शिर्षकबाट पदाधिकारी र कर्मचारीको इन्धन खर्च भुक्तानी गरेको कारण पदाधिकारीको इन्धनवापतको खर्च यकिन गर्न सकिएन

भने जिन्सीले इन्धनको छुट्टै विवरण राखेको छैन ।अत: छुट्टा छुट्टै विवरण राखी ऐन ,नियम बमोजिम ईन्धनको प्रयोग गर्ने तथा सोहि वमोजिम लगबुक व्यवस्थित गरी राख्ने तथा खर्च गर्दा मितव्ययीरुपमा गर्ने प्रवन्ध मिलाउनु पर्दछ।

४० **जेष्ठ नागरिक सँग मेयर कार्यक्रम** -

पालिकाले तयार गरेको जेष्ठ नागरिकसँग मेयर स्वास्थ्य निर्देशिका २०७७ को परिच्छेद २ मा कार्यक्रमको कार्ययोजना तयार गर्नुपर्ने र कम्तिमा महिनाको १ पटक सबै जेष्ठ नागरिकलाई घरमै गएर सेवा प्रदान गर्नुपर्ने उल्लेख छ ।विरामीको अवस्था हेरेर थप उपचार आवश्यक भएमा सो सेवा प्रदान गर्ने ।विवरण अद्यावद्यिक गर्नुपर्ने । परिच्छेद् ९ अनुसार सबै जेष्ठ नागरिकको अवस्थाबारे अनुसूचि २ अनुसारको चेकलिष्ट तयार गरी अनुगमन तथा सुपरिवेक्षण गर्नुपर्ने उल्लेख छ । ।पालिकाले उक्त कार्यक्रम सञ्चालन गरी यो वर्ष रु १८ लाख बजेटमा रु १७,९६,४२८ खर्च गरेको छ ।सो मध्ये निम्नानुसारको भौचरबाट भएको खर्च रु १३,२६,२५४/- मा देखिएका व्यहोराहरु :

1. पालिकाले विभिन्न आधारभूत स्वास्थ्यचौकी तथा पालिकाका अन्य १७ स्वास्थ्य संस्थाहरुबाट ५० स्वास्थ्यकर्मीहरुले कुल २८६ स्वास्थ्य कर्मीलाई महिनाको १ पटक सेवा प्रदान गरी १० महिनामा ३३५१७ जेष्ठ नागरिक लाई सेवा प्रदान गरेको पाइएको छ ।
2. पालिकाले यस कार्यक्रममा पालिकाका सबै जेष्ठ नागरिकलाई सेवा प्रदान गर्न सकेको देखिदैँन भने सेवा प्राप्त गरेकाको सेवा प्राप्त गर्ने आधार तय गरेको छैन ।
3. पालिकाले कार्यविधि अनुसारको कार्ययोजना तयार गरेको छैन ।
4. पालिकाले स्वास्थ्य संस्थाबाट पायक पर्ने जेष्ठ नागरिकलाई कार्यक्रममा छनौट गरेको पाइएको छ ।
5. पालिकाले थप उपचार आवश्यक परेका जेष्ठ नागरिकको लगत तयार गरेको छैन ।
6. पालिकाका उल्लेखित स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु घरमै गई जेष्ठ नागरिकलाई सेवा दिएको उल्लेख गरी प्रत्येक जेष्ठ नागरिक प्रतिपटक रु ५० दरले मासिक चेकजाँच गरेको ११ महिनाको प्रोत्साहन रकम स्वास्थ्यकर्मीहरुलाई भुक्तानी भएको छ ।उक्त स्वास्थ्यकर्मीहरु जेष्ठ नागरिकको घरमै पुगेर सेवा प्रदान गरेको खुल्नेगरी विवरण तथा प्रमाण संलग्न राखी सार्वजनिक गर्ने गरेको पाइएन । अत: पालिकाले प्रभावकारी तवरले सबै नागरिकलाई सेवा पुग्नेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

४१ **मध्यमकालीन खर्च संरचना निर्माण** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले मध्यमकालीन खर्च संरचना निर्माण कार्यका लागि पालिकाले भौ नं ८३६ मिति २।१२ बाट आभास एग्रो कन्सल्टेरन्सी प्रा लि सँग सोझै खरिद विधि मार्फत रु ४,९०,१९४/- को खरिद कार्य भएको छ । लागत अनुमान तयारी , सम्झौता , कार्यसम्पन्न प्रतिबेदन लगायतका विवरण संलग्न रहेको छैन भने सम्झौताको बुँदा नं ४ मा उक्त अन्तिम भुक्तानी गर्नुपूर्व खर्चको सार्वजनिक परिक्षण पालिकाको जनप्रतिनिधि तथा कर्मचारीको रोहबरमा गर्नुपर्ने उल्लेख गरेकोमा सो अनुसार गरेको छैन ।सो खर्च संरचना निर्माण कार्य आवश्यक फर्म्याट अनुसार नरहेको तथा सो प्रतिबेदनको कार्यपालिका बैठकमा छलफलगरी आमागी बजेटमा समाबेश हुनेगरी कार्य नभएकोले यस किसिमको कार्यमा पालिकाले खर्च गर्नु प्रभावकारी नरहेको ।अत: यस कार्यक्रम प्रभावकारी भएको नदेखिएकोले नियमित मान्न नसकिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९०,१९४ |

४२ **रामग्राम स्तुप एवं पण्डितपुरको पर्यटन प्रबर्द्धन कार्यक्रम** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष यस कार्यक्रममा रु १३,००,०००/- बजेट र रु ११,४२,२२८/- खर्च लेखेकोमा देखिएका व्यहोराहरु: भौ नं ६७४ मिति २०८०।१२।२३ बाट रु ८,२०,५९४/- खर्च गरेकोमा विश्व शान्ति दिवसको अवसरमा रामग्राम नगरपालिका वडा नं ७ उजैनी स्थित रामग्राम स्तुपामा मिति २०८०।८।२६ मा नेपाल सरकारका विशिष्ट व्यक्तित्वज्यूहरुको समेत उपस्थितिमा कार्यक्रम सम्पन्न भएको उल्लेख गरी स्टोर सहायक श्री सन्तोष कुमार घिमिरेले

पेश्की लिई कार्यक्रम सञ्चालन गरेको छ । सो कार्यक्रममा भएको खर्चको परिक्षण गर्दा सरसफाई लगायतमा ज्याला रु ५०,५६३/- खर्च गरी १८ जना कामदारलाई काम गराएको डोर हाजिरीबाट देखिएको छ । उक्त डोर हाजिरी प्रमाणित गरेको छैन ।

।ईन्धन बापत रु २९,८१४/- खर्च लेखेकोमा के प्रयोजनको लागि इन्धन खरिद गरेको हो सो खुल्ने सवारीको विवरण तथा लग बुक राखेको छैन । गेट निर्माण कार्यका लागि रु २,२९,७८९ /- खर्च लेखेकोमा सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्थाको पालना गरी सो प्रकृया बेगर खरिद कार्य गरेको छ ।पालिकाले खर्चमा मितव्ययिता कायम गर्ने तथा ३ फर्मबाट दर माग गरी खरिद कार्य नगरी सोझै कार्य गरेको छ ।खरिद कार्यमा मितव्ययिता अपनाउनुपर्दछ ।अत: प्रमाण कागजत लगायतको पुष्ट्याई प्रमाण पेश गरी यो खर्च नियमित गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ११,४२,२२८ |

४३ **औषधि खरिद तथा व्यवस्थापन** -

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपदफा १( क) मा उल्लेख गरे अनुसार रु २५ लाख सम्मको औषधिजन्य मालसामान खरिद गर्दा उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सुचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने उल्लेख छ। यसरी सोझै खरिद गर्दा उपलब्ध भएसम्म नेपाल गुणस्तर चिन्ह प्राप्त मालसामान खरिद गर्नुपर्नेछ भनि उल्लेख गरेको छ । पालिकाले यस वर्ष औषधि खरिद कार्य निम्नानुसारको शिर्षकबाट रु ५७,७४,००० बजेट तथा रु ५७,०२,९०० खर्च लेखेको छ ।

| शिर्षक | बजेट | खर्च |
|---|---|---|
| आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाकोलागि औषधि खरिद | १२,७४,००० | १२,७४,००० |
| स्वास्थ्य संस्थाहरुमा आधारभूत स्वास्थ्य सेववा सञ्चालनकालागि औषधि खरिद | ३५,००,००० | ३४,९४,५२६ |
| गर्मवती महिला क्षयरोग विरामी तथा संकास्पद लाई HIV किट खरिद लगायत | ५,००,००० | ५,००,००० |
| जेष्ठ नागरिकसँग मेयर कार्यक्रम | ५,००,००० | ४,३४,३७४ |
| जम्मा | ५७,७४,००० | ५७,०२,९०० |

पालिकाले नियमावलीमा भएको व्यवस्था अनुसार राष्ट्रियस्तरको पत्रिकामा सुचना प्रकाशन गरि तोकेको विक्री मुल्यमा खरिद गर्नुपर्नेमा भौ नं ४३१, ७९५ बाट सो अनुसार राष्ट्रिय स्तरको पत्रिकामा विक्री मूल्य नखुलेको दरमा सोझै खरिद गरेको छ भने भौ नं ३० र १३२ बाट E-Bidding गरी खर्च गरेको छ । पालिकाले E-bidding गरी खरिद कार्य गरेकोमा पुन अन्य सप्लायर्सबाट सोही औषधिहरु फरक दरमा खरिद कार्य गरेको पाइएको छ । भौ नं ३० (सशर्ततर्फ) र भौ नं ४३१ पालकातर्फबाट खरिद गरेकोमा समान औषधिमा दरमा फरक रहेको छ ।यसरी पालिकाले सोझै खरिद कार्य गर्दा पालिकालई टेण्डर खरिद दर भन्दा बढी दरमा खरिद गर्नुपर्दा थप व्ययभार परेको देखिएको छ । अत: पालिकाले मितव्ययिता कायम गरी थप व्ययभार सृजना नहुने किसिमले खरिद कार्य गर्नुपर्दछ ।

केही उदाहरण

| औषधिको नाम | सप्लायर्सको दर | | फरक दर | परिमाण | जम्मा बढी |
|---|---|---|---|---|---|
| | प्रिन्स मेडिको सप्लायर्स प्रा लि (सोझै) | क्यु इन्टरनेशनल | | | |
| Amoldepine 5mg | 4 | 3 | 1.98 | 60000 | 118800 |
| Amoxycillin 500 mg | 7.88 | 7 | 0.88 | 25000 | 22000 |
| Amoxycillin 250 mg | 5.88 | 4 | 1.88 | 5000 | 9400 |
| Cetrizine 5 mg | 47.5 | 18 | 29.5 | 400 | 11800 |
| Ciprofloxacin Eyedrop 5 ml | 23 | 20 | 3 | 3000 | 9000 |
| Diclofenac 50 mg | 2.95 | 0.60 | 2.35 | 6000 | 14100 |
| Doxycycline 100 mg | 4.86 | 4 | 0.86 | 5000 | 4300 |
| ORS | 9.85 | 0.10 | 9.75 | 6000 | 58500 |
| Paracetamol 125 mg syrup | 29 | 24 | 5 | 600 | 3000 |
| Metronidazole 400 mg | 3.78 | 2.50 | 1.28 | 15000 | 19200 |

| भौ नं | मिति | फर्म | लागत अनुमान | खर्च रकम |
|---|---|---|---|---|
| ४३१ | २०८०।१०।१६ | प्रिन्स मेडिको सप्लायर्स प्रा लि | २४,६८,८४४ (बचतबाट) | १७,५३,१७४ |
| ७९५ | २०८१।२।५ | बस्नेत एण्ड फेमिली प्रा.लि | | १४,९४,५७० |
| ३० | २०८०।७।१४ | क्यु इन्टरनेशनल (संघिय शसर्त तर्फ) | ६६,७४,८२६.५० | १२,७४,००० |
| १३२ | २०८०।७।१४ | क्यु इन्टरनेशनल | | ११,८१,१५६ |
| | | जम्मा | | ५७,०२,९०० |

४४ **पृथ्वी चन्द्र अस्पताललाई अनुदान** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । भौ नं ७३९ २०८१।१।१८ बाट पृथ्वी चन्द्र अस्पताल नवलपरासीलाई संझौता बमोजिमको रकम रु ३,००,०००/- भुक्तानी गरेको पाइएको छ ।पालिकाले आफ्नो कार्यक्षेत्रभन्दा फरक निकायलाई डाक्टरहरुको पारिश्रमिक वापतको रकम अनुदान स्वरुप उपलब्ध गराएको पाइएकोले सो खर्चको पुष्ट्याई हुने कागजात तथा प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

४५ **विद्यार्थि मूल्याङ्कन तथा ग्रेड निर्धारण :**

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गनिर्देशन बमोजिम विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको प्रक्रिया निर्धारण गरी विद्यालय तहको मूल्याङ्कन र प्रमाणीकरणमा सान्दर्भिकता, पारदर्शिता, वस्तुनिष्ठता र विश्वसनियता कायम गर्न वाञ्छनीय भएकाले शिक्षा नियमावली, २०५९ को नियम १९२ को (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले लेटर ग्रेडिङ निर्देशिका, २०७८ तयार गरी लागु गरेकोमा विद्यालय शिक्षाको उपलव्धीलई विभिन्न ८ प्रकारमा स्तरीकृत गरेको छ । सो निर्देशिका अनुसार ३५ प्रतिशत भन्दा कम उपलव्धी हाँसिल गरेको विद्यार्थिलाई स्तरीकरण गर्न नमिल्ने उल्लेख छ । पालिकासँग शैक्षिक सत्र २०८० को कक्षा ८ को परीक्षाको प्रतिफल माग गरी परीक्षण गर्दा १०२४ विद्यार्थि मध्ये देहायका विद्यार्थिहरूलाई मात्र ग्रेड बृद्धि गरेको र अन्य विद्यार्थिहरुलाई ग्रेड बृद्धि नगरि सोहि कक्षामा राखेको देखियो । यसरी हेर्दा कक्षा ८ को विद्यार्थीको परीक्षाको प्रतिफल औषतमा रहेको देखियो भने अन्य कक्षाको समेत उल्लेख्य नतिजा देखिएन । पालिकाले मातहतका विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमको साथै पठनपाठनमा विषेश पहल गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| क्र.सं | बिषय | विद्यार्थि | A+ | A | B+ | B | C+ | C | D | NG | Pass | Pass% |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अंग्रेजी | १०२४ | ११७ | १८१ | २०८ | २७३ | १०८ | ० | ० | १३७ | ८८७ | ८६.६२% |
| २ | हाम्रो रामग्राम | १०२४ | २०० | २२१ | २०६ | १९६ | ४३ | ० | ० | १५८ | ८६६ | ८४.५७% |
| ३ | स्वास्थ्य | १०२४ | १०३ | २०४ | २०० | २२८ | ७८ | ४ | ० | २०७ | ८१७ | ६९.७८% |
| ४ | गणित | १०२४ | ४८ | १४९ | २०० | २३५ | ९१ | ० | ० | ३०१ | ७२३ | ७०.६०% |
| ५ | नेपाली | १०२४ | ५९ | १६४ | २२९ | २७५ | ७९ | ० | ० | २१८ | ८०६ | ६८.७१% |
| ६ | विज्ञान र प्रविधी | १०२४ | ७१ | १४५ | २४६ | २५६ | ५७ | ० | ० | २४९ | ७७५ | ७५.६८% |
| ७ | सामाजिक अध्ययन र मानव मूल्य शिक्षा | १०२४ | ३९ | १४६ | २१८ | २८९ | ४९ | ० | ० | २८३ | ७४१ | ७२.३६% |

४६ **सार्वजनिक विधालयको शैक्षिक गुणस्तर :**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८० / ०८१ अनुसार सामुदायिक विधालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्वियन गरी विधालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था रहेको छ । यस पालिकाले शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको नदेखिएकोले आफ्नो पालिका क्षेत्र भित्रका विधालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

४७ **वालविकास कर्मचारी वितरण :**

पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिका, ०८०।८१ अनुसार विद्यालयको विद्यार्थी संख्याको आधारमा वालविकास कर्मचारी वितरण र समायोजन हुनुपर्ने उल्लेख छ । देहायका विद्यालयहरुमा वालविकासमा उल्लेख्य विद्यार्थि संख्या नरहेको अवस्थामा समेत वालविकास कर्मचारी संख्या बढि वितरण गरेको र पारीश्रमिक भुक्तानी समेत भएको छ । यसरी भुक्तानी दिंदा आवश्यक विद्यालयहरुमा वालविकास कर्मचारी नपुग हुने र देहाय अनुसारको विद्यार्थि कम भएकोमा बढि हुने अवस्था देखियो । अतः आवश्यकता र विद्यार्थि संख्याको आधारमा वालविकास कर्मचारी वितरण हुनुपर्ने देखिन्छ ।

| क्र सं. | विद्यालयको नाम | वाल विकास शिक्षक | वाल विकास विद्यार्थी |
|---|---|---|---|
| १ | जनता आ.वि., प्रसावल | १ | ३२ |
| २ | जनता मा.वि., डैनहवा | १ | ३३ |
| ३ | जनता आ.वि., ऐचावल | १ | २३ |
| ४ | ज्ञानज्योती आ.वि., धरमपुर | १ | २८ |
| ५ | जनता आ.वि., ननई | १ | ४८ |
| ६ | राष्ट्रिय मा.वि., पण्डितपुर | २ | ६९ |
| ७ | मदरसा अ.अ.सु.क.ओ., डिघवल | १ | ३५ |
| ८ | जनता मा.वि., देवगाउँ | १ | २१ |
| ९ | मदरसा अ.अ.सु.फै.ओ., महुँबारी | १ | ३७ |
| १० | मदरसा अ.क.ओ., देवगाउँ | ० | ५० |
| ११ | शहिद जगदिश पा.आ.वि., महुँबारी | १ | १९ |
| १२ | सरस्वती आ.वि., बरारी | १ | २० |
| १३ | नवदुर्गा आ.वि., तोनवा | १ | २५ |
| १४ | हिमाली आ.वि., हकुई | १ | ५७ |
| १५ | बुद्धज्योती आ.वि., अमहवा | २ | ३० |
| १६ | सरस्वती मा.वि., शान्तिचौर | १ | ३५ |
| १७ | जनता मा.वि., लक्ष्मिपुर | १ | ३८ |
| १८ | उत्तम बालहित मा.वि., उजैनी | १ | ३३ |
| १९ | जनता आ.वि., कुनवार | २ | ३८ |
| २० | जनता आ.वि., जोकवार | २ | ५९ |
| २१ | हरि शुशिल आ.वि., घोडपाली | २ | ४१ |
| २२ | आधारभूत विद्यालय, लोहसडा | १ | ४५ |
| २३ | आदर्श मा.वि., परासी | १ | ५३ |
| २४ | पवन मा.वि., परासी | २ | १३४ |
| २५ | मदरसा अ.इ.अ., घोडपाली | १ | २२ |
| २६ | मदरसा अ.ज्या.ओ., हाटबजार | ० | २५ |
| २७ | मदरसा गौ.क.ओ., पाडाटिकर | १ | २० |
| २८ | राष्ट्रिय मा.वि., करमैनी | २ | ३२ |
| २९ | राजेश्वरी आ.वि., नदवा | १ | २८ |
| ३० | जनता मा.वि., सुक्रौली | १ | ३९ |
| | | | |

| | | | |
|---|---|---|---|
| ३१ | धिनाहा आ.वि., धिनाहा | १ | २२ |
| ३२ | सरस्वती आ.वि., सुक्रौली | १ | १७ |

४८ **निजी विद्यालयहरुमा छात्रबृत्ति :**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन ,२०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ ।पालिकाले उक्त व्यवस्था बमोजिम यस आ.व. मा निजी विद्यालय मन्टेश्वरी सहितका २५ र अन्य ३२ गरी जम्मा ५७ वटा रहेकामा उक्त विद्यालयहरुले भर्ना, मासिक तथा परिक्षा लगायतका शुल्कमा विद्यार्थीलाई छुट गराउने गरेको तर छात्रवृत्ति स्वरुप रकम तथा कोटा छुट्याउने गरेको देखिएन । त्यस्ता विद्यार्थीहरुको नाम ठेगाना सम्बन्धित विद्यालयको वेभसाइटमा सार्वजनिकिरण गर्ने गरेको पाइएन ।यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

४९ **पाठ्यपुस्तक निकासा :**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार पालिकाले सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान ईमिस डाटा अनुसार उपलव्ध गराएकोमा देहायको विद्यालयवाट कक्षा ११ र कक्षा १२ को भरपाई पेश हुंदा निकासा विद्यार्थी संख्या भन्दा कम संख्यामा भरपाई प्राप्त भएकोले वितरण नभई विद्यालयमा वांकी रहेको रकम सम्वन्धित विद्यालयवाट असुल गरि संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु

| बिधालयको नाम | निकासा रकम | भरपाई रकम | बढी निकासा |
|---|---|---|---|
| पवन माध्यमिक विधालय परासी | १८९२८९ | १५२५०७ | ३६७८२ |
| आदर्श माध्यमिक विधालय परासी | १०१३५४ | ९९७७० | १५८४ |
| | | जम्मा | ३८,३६६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,३६६ |

५० **नमूना विधालयको शैक्षिक तथा ब्यवस्थापकिय योजना कार्यान्वयन अनुदान :**

कार्यक्रम कार्यान्वयन पुस्तिका ०८० / ८१ को क्रियाकलाप नं.२.७.१३.१३ ( ९.८ ) मा नमूना विधालयको शैक्षिक तथा ब्यवस्थापकिय योजना कार्यान्वयनको लागि कार्यसम्पादनमा आधारित अनुदान प्रति विधालय ३० लाख देखि ६० लाख सम्म दिने ब्यवस्था भए बमोजिम पालिकाले भौ.न. १९७ मिति ०८१।३।१६ बाट आदर्श नमूना माध्यमिक विधालयलाई विधालय फर्निचर ब्यबस्थापन , विधालय संग्राहलय निर्माण , पूर्वाधर निर्माण र शैक्षिक सुशासन समेतको लागि विधालयबाट प्रस्ताव पेश गर्न लगाई रु.३०,००००० निकासा दिई विधालयको खातामा निकासा गरी रोक्का राख्ने र कार्य प्रगतिको आधारमा फुकुवा गर्ने निर्णयानुसार विधालयको खातामा रकम पठाई रोक्का गर्नु नियमित नहुनुका साथै तोकिएको प्रस्ताव अनुसारको खर्चको बिल भरपाई , कार्य सम्पन्न प्रतिवेदन समेतका प्रमाण पेश गर्नुपर्ने रु.

| बिधालयको नाम | कार्यक्रम | अनुदान रकम | खर्च भएको रकम | निकासा रोक्का रकम |
|---|---|---|---|---|
| आदर्श नमुना माध्यमिक विधालय परासी | शैक्षिक तथा ब्यवस्थापकिय योजना कार्यान्वयन अनुदान | ३०,००००० | ६२,६००० | २३७४००० |
| | | | जम्मा | २३,७४,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,७४,००० |

५१ **सिकाई सामाग्रि तथा डिजिटल सामाग्री ब्यवस्थापन :**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/ ८१ को क्रियाकलाप नं २.७.१३.५० अनुसार पालिकाले प्रति विधार्थि लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सामाग्री ब्यबस्थापनका लागि ३२ वटा विधालयलाई भौ.न.१७७ मिति ०८१।३।१४ बाट रु.२०९६८५०, भौ.न.१५९मिति ०८१।३।१२ बाट रु.१३८१६८३ र भौ.न.१५ मिति ०८०।६।२२ बाट रु.१३७६०८ समेत रु.३६,१६,१४१अनुदान दिएको छ ।उक्त कार्यान्वयन पुस्तिका अनुसार विधालयले उक्त अनुदान खर्च गरि प्रगति प्रतिवेदन पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा विधालयहरुले लेखापरीक्षण अवधि सम्म पनि प्रगति प्रतिवेदन पेश नगरेकोले प्रगति प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३६,१६,१४१ |

५२ **ईन्टरनेट जडान :**

कार्यक्रम कार्यन्वयन पुस्तीका २०८०।०८१ को व्यवस्था अनुसार पालिका भित्रका ३२ विद्यालयहरुलाई भौ.न.५७ मिति ०८०।९।२३ बाट ईन्टरनेट जडानका लागी प्रति विद्यालय रु.१२ हजार का दरले रु.३,८४,००० भुक्तानी भएकोमा सवै विद्यालयको ईन्टरनेट जडान भएको बिल पेश नहुनुको साथै पालिकाले अनुगमन गरेको समेत नपाईएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८४,००० |

५३ **माग फारम भन्दा बढी निकासा :**

माध्यमिक, आधारभुत तहका स्वीकृत दरबन्दी शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान र प्रारम्भिक बालविकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालयका कर्मचारी व्यवस्थापन अनुदान शिर्षक अन्तर्गतका विद्यालयका शिक्षक तथा कर्मचारीलाई नगरपालिकाले विधालयवाट प्राप्त माग फारमका आधारमा निकासा दिनुपर्नेमा उल्लेखित विधालयलाई माग फारम भन्दा बढी निकासा दिएको देखिएकोले वढी निकासा भएको रकम असुल गर्नुपर्ने रु.

| सि.न. | विधालयको नाम | त्रैमासिक निकासा | निकासा भएको | निकासा हुनुपर्ने | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय माध्यमिक विधालय, पण्डितपुर | प्रथम | १४,४५,५२० | १४,४३,७६१ | १७५९ |
| | | | | जम्मा | १,७५९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७५९ |

५४ **स्यानिटरी प्याड :**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक , चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २३३० जना रहेका छन। पालिकाले भौ. नं. २३१।२०८१-३-२४ बाट २४००० प्याकेट स्यानिटरी प्याड रु.६,५३,८६३ (मु अ कर समेत) मा खरिद गरेको छ।खरिद गरेको मध्ये २१ वटा बिधालयमा २१३६० प्याकेट वितरण गरीएको र वाँकी २६४० प्याकेट वितरण गर्न वाँकी रहेको छ ।

खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्नुका साथै बिधालयहरुलाई समयमै हस्तान्तरण गरी प्रमाण पेश गर्नुपर्ने रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ५४.१ | २६४० प्याकेट स्यानिटरी प्याड बिधालयहरुलाई हस्तान्तरण गरेको प्रमाण नभएको | ६३,६५० |
| | प्रमाण पेश नगरेको | ६३,६५० |

५५ **शिक्षक तलब :**

शिक्षा नियमावली २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दि हुनुपर्दछ । आ.व.२०८०।०८१ मा पालिका अन्तर्गतका बिधालयहरुमा निम्नानुसार शिक्षक र विधार्थि अनुपात रहेको पाईयो ।

| क्र सं | विद्यालयको तह | कुल विद्यालय | कुल विद्यार्थी संख्या | कुल शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात | वढी शिक्षक संख्या | वढी शिक्षकको तलव | सबै शिक्षकको कुल तलब खर्च रु. |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास (पूर्व प्राथमिक) | ३७ | १२०८ | ३७ | १:३२.६४ | ० | ० | ४७,००,९९९/- |
| २ | आधारभूत तह, स्वीकृत दरबन्दी, राहत, अस्थायी, शिक्षण सिकाइ अनुदान | ३२ | ५६४७ | १७४ | १:३२.४५ | ० | ० | ९,६०,५५,३९७/- |
| ३ | माध्यमिक तह, स्वीकृत दरबन्दी, राहत, अस्थायी, शिक्षण सिकाइ अनुदान | १० | १६३८ | २९ | १:५६.४८ | ० | ० | २,९१,४६,३५८/- |

यस पालिकामा रहेका प्रारम्भिक बाल विकास , आधारभूत तह र माध्यमिक तह मध्ये उल्लेखित तहमा शिक्षक विधार्थि अनुपात १:३२.४५ देखि १:५६.४८ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय तहका विधालयमा शिक्षक दरबन्दी न्यून अबस्थामा रहेको , कतिपयमा न्यून विधार्थि संख्या रहेको अवस्था देखिन्छ । अत: भौगोलिक दुरी टाढा भएमा बाल विकाश केन्द्र स्थापना गरी न्यून विधार्थी संख्या भएको तहको विधालयलाई समायोजन गरी शिक्षक दरबन्दी मिलान गरी पठन पाठन ब्यवस्थित गर्नुपर्दछ ।

५६ **संचालन नभएका कार्यक्रम :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले तोकिए बमोजिमको कार्यक्रम संचालन गरि प्रगती विवरण तयार गर्नुपर्ने उल्लेख छ । साथै अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारित कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकालाई यस बर्ष प्राप्त शशर्त वजेट मध्ये देहाय लगायतको कार्यक्रमहरु नगरी वजेट रकम फ्रिज गरेको छ । बार्षिक रुपमा विनियोजित रकम समयमा र तोकिएको कार्यक्रममा खर्च नगर्दा लक्षित उपलब्धि हाँसिल नहुने हुँदा तोकिए अनुसारको कार्यक्रम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सि.नं | कार्यक्रम | रकम रु. |
|---|---|---|
| १ . | कोभिड-१९ बाट पुगेको शैक्षिक क्षेतिको परिपुरण तथा अन्य विपद्को समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम | ५,००,०००/- |
| २ | विधालयमा शैक्षिक गुणस्तर सुद्धढीकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन कार्यक्रम | ६,०६,००० |
| ३ | पोषण सुधारको लागि विपन्न समुदायको महिला समुह वा सहकारीहरुलाई विपन्न सदस्यहरुको आय आर्जन सुधार कार्यक्रम | ६,००,००० |
| ४ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | ५,००,००० |
| ५ | गुनासो सुनुवाई कार्यक्रम | २,००,००० |

## ५७ विधालयहरुको लेखापरीक्षण :

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८० / ८१ को क्रियाकलाप न. २.७.१३.१० मा पालिका मातहतका विधालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनुपर्ने ब्यवस्था छ । पालिका अन्तर्गत ३२ सामुदायिक विधालयहरुलाई आर्थिक लेखापरीक्षण गर्नको लागि भौ.न.५७ मिति ०८०।९।२३ बाट रु.३,७०,००० निकासा भएकोमा अन्तिम लेखापरीक्षण अवधि सम्म सवै विधालयहरुको लेखापरीक्षण नगराएको विवरण प्राप्त भएको छ । अत: पालिकाबाट अनुदान जाने सम्पूर्ण विधालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा अनुदान समेत समावेश गरी विधालयले बित्तिय विवरण तयार गरे नगरेको एकिन गरि प्रमाण पेश गर्नुपर्ने रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ५७.१ | ३२ बिधालयहरुको लेखापरीक्षण प्रतिवेदन पेश नभएको | ३७०,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,७०,००० |

## ५८ छात्रवृत्ति भरपाई :

गो.भौ.न.१७७ मिति ०८१-३-१४ बाट कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/०८१ अनुसार पालिकाले सार्वजनिक विधालयमा अध्ययनरत विधार्थिहरुका लागि छात्रवृत्ति अनुदान IEMIS को विधार्थि संख्या अनुसार सत्यापन गराई स्विकृत दररेट बमोजिम उपलब्ध गराएकोमा लेखापरीक्षण अवधि सम्म पनि ३२ वटा विधालयले विधार्थिलाई छात्रवृत्ति वितरण गरेको भरपाई पेश नगरेकोले सम्बन्धित विधालयहरुवाट आवश्यक प्रमाण कागजात सहित भरपाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,७४,००० |

## ५९ शिक्षक सरुवा :

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको काम कर्तव्य अधिकारको ब्यबस्था रहेको छ । जस अनुसार स्थानिय तहले आधारभूत तथा माध्यमिक तह सम्मको शैक्षिक ब्यवस्थापन, शिक्षक दरवन्दी मिलान, परिक्षा ब्यवस्था जस्ता कार्यहरु गर्नुपर्ने देखिन्छ । गो.भौ.न.१२७ , मिति ०८१।१।१८ बाट नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८०।६।२१ गतेको निर्णयानुसार मदरसा घोडपाली रामग्राम ३ का राहात शिक्षक कूललक्ष्मी उपाध्यायलाई मदरसा हाटबजार रामग्राम २ मा सरुवा र मिति २०८०।१०।२३ गतेको निर्णयानुसार आदर्श माध्यमिक विधालय परासी रामग्राम ५ का स्थायी शिक्षक श्री अरुणा पटेललाई उत्तम बालहित माध्यमिक विधालय रामग्राम ७ उजैनीमा सरुवा गरेकोमा बिधालयमा हाजिर नभै मिति २०८०।११।०१ गते देखि दुबै जना नगरपालिकामा हाजिर भई पालिकाबाट नै तलब भत्ता भुक्तानि भएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,०९,०३६ |

## ६० दिवा खाजा :

कार्यक्रम कार्यान्वियन पुस्तिका , २०८०/ ०८१ को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका विधालयहरुमा कक्षा ५ सम्मका विधार्थिहरुलाई प्रति विधार्थि दैनिक रु.१५।– का दरले बढिमा १८० दिनका लागि विधार्थिको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपिको आधारमा खातामा निकासा दिनुपर्ने ब्यवस्था छ । साथै दोश्रो र तेस्रो चौमासिक निकासा दिदा पहिलो चौमासिकमा निकासा दिएको रकमको सदुपयोग स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड , गुणस्तर र ब्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालिकाले यस वर्ष दिवा खाजाको लागी विभिन्न ३७ वटा विधालयहरुमा गरी जम्मा रु.१,०८,५८,६९५ विधालयहरुको खातामा निकासा दिएको पाईयो । विधालयहरुलाई त्रैमासिक रुपमा निकासा दिई सदुपयोगको स्थिति समेत हेरेर पुन: अर्को किस्ता भुक्तानी दिनुपर्ने तथा दिवा खाजा खुवाएको अनुगमन गरी पालिकाले विधालयहरुलाई निकासा दिनुपर्नेमा पालिकाले अनुगमन गरेको अभिलेख प्राप्त भएन । सो सम्बन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

## ६१ कृषि तथा पशुमा अनुदानः

६१.१

प्रदेश तथा स्थानीय तहमा सशर्त वितिय हस्तान्तरित कृषि विकास संचालन कार्यविधि, २०८० अनुसार सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ। पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष संचालित प्रमुख कार्यक्रम देहाय अनुसार छन्

| अनुदानको क्षेत्रहरु | विवरण | अनुदान रकम |
|---|---|---|
| कृषि | ५ वटा कृषि अनुदान कार्यक्रम | ४५,२८,३२५ |
| पशु तर्फ | ४ वटा पशु तर्फका अनुदान कार्यक्रम | २२,८०,८३२ |

कृषि तर्फ अनुदानको सहि सदुपयोग भए नभएको सम्वन्धमा अनुदान कार्यक्रममा अनुगमन प्रतिवेदन पेश नभएकोले अनुदानका कार्यक्रममा अनुगमन गरी पृष्ठपोषण सहितको प्रतिवेदन पेश गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

६१.२ प्रदेश तथा स्थानीय तहमा सशर्त वितिय हस्तान्तरित कृषि विकास संचालन कार्यविधि, २०८० अनुसार यस पालिकावाट १८०० जनाको लागि रु. ३० लाख २६ हजार अनुदान खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागी अनुदान प्राप्त गर्नेको विवरण सार्वजनिक गरी पारदर्शिता कायम गराउने तथा अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| क्रम | अनुदानको किसिम | व्यक्ती संख्या | रकम (रु हजारमा) |
|---|---|---|---|
| १ | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान | १६४२ | १०७३ |
| २ | गहुंबाली पकेट विकास कार्यक्रमको निरन्तरतामा अनुदान | ४३ | ५५३ |
| ३ | तरकारी बाली पकेट विकास कार्यक्रमको निरन्तरता | ३५ | ४३१ |
| ४ | धानबाली प्रवर्धन कार्यक्रम | ८० | ९६९ |
| | **जम्मा** | १८०० | ३०२६ |

६२ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशका, २०७५ अनुसार स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा बाटो निर्माण काम लगायतका ६ निर्माण तथा मर्मतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ६५ जनालाई रोजगारी उपलव्ध गराई कुल ज्याला रु. ४१ लाख २८ हजार ९०८ खर्च गरेको छ। लक्षित वर्गलाई औषत ९५ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखिएको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना गर्न तर्फ पालिकाले जोड दिनुपर्दछ।

६३ **सुरक्षित आप्रवाशन (सामि) ः**

सुरक्षित आप्रवसन कार्यक्रम मार्गदर्शन, २०७९ वमोजिम पालिकामा वैदेशिक रोजगारलाई सुरक्षित मर्यादित र व्यवस्थित वनाउन नेपाल सरकारद्धारा सुरक्षित आप्रवासन कार्यक्रम संचालनमा रहेकोमा उक्त कार्यक्रममा रहेको कुल वजेट रु. ६४,००,०००।०० मा रु. ५५,५६,२४९।०० खर्च भएको छ। स्थानिय तहमा पार्श्व चित्रमा वैदेशिक रोजगार सम्वन्धि तथ्याङ्क संकलन गरी समावेश गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित वनाउंदै थप उपलव्धीमुलक वनाउने यो कार्यक्रमको मुल उछेश्य रहेको छ। यस कार्यक्रममा विभिन्न ९ जना कर्मचारी तथ्यांङ्क संकलकलाई रु. ३६,२२,४९८।०० पारिश्रमिक खर्चमा र अभिमुखिकरण, क्षमता विकास, मनोपरामर्श तथा बैठक

लगायतका विभिन्न शिर्षकमा रु. १९,३४,७५१।०० खर्च गरेको देखियो। श्रेष्ता परीक्षण गर्दा वैदेशिक रोजगारमा जाने कामदारलाई सिप क्षमता अभिवृद्धि गर्ने कार्यक्रममा विशेष ध्यान दिएको देखिदैन। पालिकाले यसको प्रभावकारिताका लागी थप कदम चाल्न आवश्यक देखिन्छ।

६४ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकबाट खाना खाजा समेतमा रु. ६१ लाख ८९ हजार खर्च गरेको छ । खर्च लेख्दा अधिकांशमा खर्चको पुष्ट्याई बेगर केवल बिल भरपाई तथा माईन्युटको आधारमा मात्रै खर्च लेखेको छ। खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर मात्रै विविध खर्च गर्नुपर्दछ ।

| **विविध खर्चको विवरण** | **खर्च रकम** |
|---|---|
| अतिथि सत्कार | १०,००,००० |
| कर्यालय विविध खर्च | १८,८८,४७९ |
| नगर उपप्रमुख विविध खर्च | १,२०,००० |
| नगर प्रमुख विविध खर्च | २,४०,००० |
| वडा तर्फ | २९,४१,१४७ |
| जम्मा | ६१,८९,६२६ |

६५ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहको २०८०।८१ को आन्तरिक लेखापरीक्षणवाट देखिएको वेरुजुलाइ हालसम्म पालिकाले फछ्र्यौट गरेको छैन । अतः उक्त वेरुजु रकम प्रकृति अनुसार फछ्र्यौट गरि प्रमाण पेश गर्नुपर्ने रु

| भौ नं र मिति | व्यहोरा | रकम |
|---|---|---|
| ८७७। २०८१। ०३।१४ | आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९,५६,५७ तथा नेपाल सरकारको लेखा निदेशिका २०७३ बमोजिम प्रमाणित पुष्टयाईका आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। गो.भौ. नं.८७७।२०८१।०३।१४ बाट परासी खानेपानी उपभोक्ता समितिको कार्यालयलाई पानी तथा बिजुली शिर्षकबाट रु. ४९,२०५। भ्ुक्तानी भएकोमा बिल संलग्न नभएकोले विल पेश हुनुपर्ने रु | ४९२०५ |
| | जम्मा | ४९२०५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४९,२०५ |

६६ **ठेक्का बन्दोवस्तः**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७९ को नियम १५(७)मा खरिद पूर्वतयारीदेखि बोलपत्र आव्हानसम्मका खरिद व्यवस्थापन सम्वन्धी कार्य प्रथम त्रैमासिक अवधिभित्र सम्पन्न गर्नेगरी बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

| कार्यक्रम शिर्षक | कार्यक्रम शिर्षक ( रु हजारमा) | | | | | | | | यस वर्षसम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथमचौमासिक | | दोस्रोचौमासिक | | तेस्रोचौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | २४ | २२८५०० | ८ | ७३५०० | १२ | ११५००० | ४ | ४०००० | १८ | १५३८०० |
| शिलबन्दीबाट | ८ | १३००० | २ | ४००० | १ | १५०० | ५ | ७५०० | ५ | ११००० |
| कोटेशनबाट | १८९ | ८०००० | २० | ८४६६ | ९९ | ४१९०५ | ७० | २९६३० | १८९ | ८०००० |
| | २२१ | ३२१५०० | ३० | ८५९६६ | ११२ | १५८४०५ | ७९ | ७७१३० | २१२ | २४४८०० |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रू. २४ करोड १५ लाख लागतको ३२ ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा रु.७ करोड ७५ लाखको १० वटा ठेक्का व्यवस्थापन भएको, दोश्रो चौमासिकमा रु. ११ करोड ६५ लाखको १३ ठेक्का र तेश्रो चौमासिकमा रु. ४ करोड ७५ लाखको 9 ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रू. १६ करोड ४८ लाख बराबरको २३ वटा ठेक्का मात्र सम्पन्न भएको अवस्था छ । वर्षान्तमा बढी कार्यक्रम सञ्चालन गर्दा आउन सक्ने नकारात्मक स्थिति तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

६७ **ट्याककोटमा वढी भुक्तानीः** (6,7,8,9,10-२०८१-३-२४):

सडक वोर्ड नेपालः संघीय शशर्त

सडक विभागबाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७८ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औषत ०.४ देखि ०.६ सम्म हुने उल्लेख छ। कार्यालयले निम्नलिखित योजनाको निर्माणको क्रममा कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी १ बर्ग प्रतिलिटरकै दरले भुक्तानी दिएको पाईयो । स्पेशिफिकेशन नम्सभन्दा प्रतिस्क्यर मिटर ०.४ वढी भुक्तानी भएको देखिएकोले सम्वन्धितलाई जिम्मेवार वनाई असुल गर्नुपर्ने रु

| सि नं | गो भौ नं | योजनाको विवरण | भुक्तानी परिमाण | ट्याककोट हुनुपर्ने लि . | दर | वढी रकम |
|---|---|---|---|---|---|---|
| | | | खपतभएको प्राईम कोड × ० . ६० | | | |
| १ | १० | लखि सुनारको घरदेखि हाटवजार | १४९६ | ८९७ | १४० | ८३७३० |
| २ | ९ | एस पि कार्यालयदेखि | ८०३ | ४८१ | १५५ | ४९९१० |
| ३ | ८ | महेशपुर रोडदेखि क्याम्पसरोड | १८०० | १०८० | १४० | १००८०० |
| ४ | ७ | ड्राईभरटोलदेखि खादगोदाम | १४९३ | ८९६ | १५० | ८९५५० |
| ५ | ६ | हुलाकीसडकदेखि वैकुण्ठपुरजाने सडक | १६८७ | १०१२ | १६० | १०७९६८ |
| जम्मा | | | | | | ४३१९५८ |

| असुल गर्नुपर्ने | ४,३१,९५८ |
|---|---|

६८ **खर्चको तुनलामा राजस्वः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ स्रोत अनुमान तथा वजेट निर्धारण समिति रहेको छ । साथै ६५ मा राजस्व परामर्श समितिको व्यवस्था रहेको ।जस अनुसार पालिकामा प्राप्त हुने आय, अनुदान, ऋण समेतको वस्तुनिष्ठ प्रक्षेपण गरी सन्तुलित तवरले वजेट तर्जुमा तथा स्रोत निर्धारण समिति रहेको छ । पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरण देहाय बमोजिम रहेको छ ।

रु हजारमा

| आर्थिक वर्ष | आन्तरिक आय रु | पालिकाको जम्मा खर्च रु | खर्चको तुलनामा आय प्रतिशत |
|---|---|---|---|
| २०८०।८१ | १५०५८९ | ८२१२२४ | १८.३३ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु. ८२ करोड १२ लाख २४ हजार रहेको छ भने राजश्व संकलन रु. १५ करोड ५ लाख ८९ हजार गरेको छ । पालिकाको आन्तरिक आय कूल खर्चको १८.३२ प्रतिशत हुन आउँछ । जुन खर्चको तुलनामा आन्तरिक आय न्यून रहेको देखिन्छ ।तसर्थ पालिकाले समग्र आन्तरिक राजस्व अभिवृद्धि गरी परनिर्भरतालाई क्रमश घटाउदै जानुपर्दछ ।

६९ **तुलनात्मक लक्ष्य असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा राजस्व परामर्श समितिको व्यवस्था रहेको, ६६ मा स्रोत अनुमान तथा वजेट निर्धारण समिति रहेको छ ।जस अनुसार पालिकामा प्राप्त हुने आय, अनुदान, ऋण समेतको वस्तुनिष्ठ प्रक्षेपण गरी सन्तुलित तवरले वजेट तर्जुमा तथा स्रोत निर्धारण समिति रहेको छ ।पालिकाको विगत ३ वर्षको राजस्व लक्ष्य तथा असुली अवस्था देहायअनुसार रहेको छ ।

| आर्थिक वर्ष | लक्ष्य | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| २०७८।७९ | १००२२८८ | ५४७७७ | ५४.६५ |
| २०७९।८० | ११५१५५ | ११०२१२ | ९५.७१ |
| २०८०।८१ | २९६६१० | १५०५८९ | ५०.७७ |

उपरोक्तानुसार आर्थिक वर्ष २०७८।७९ मा लक्ष्यको तुलनामा ५४.६५ प्रतिशत, २०७९।८० मा ९५.७१ प्रतिशत र आर्थिक वर्ष २०८०।८१ मा ५०.७७ प्रतिशत असुली भएको अवस्था छ । यो वर्षको राजस्व लक्ष्यको तुलनामा ५०.७७ प्रतिशत मात्र प्रगति देखिंदा समग्र कार्यसम्पादन स्तर घटेको छ । वार्षिक वजेट तथा नीति तथा कार्यक्रममा उल्लेख भएका विषयलाई संवोधन गरी वस्तुनिष्ठ राजस्व प्रक्षेपण तथा असुलीमा जोडदिनुपर्दछ ।

७० **शीर्षकगत राजस्व लक्ष्य असुलीः**

नगरपालिकाको आर्थिक ऐन,२०८० तथा पालिकाको नीति तथा कार्यक्रममा राजस्व प्रणालीलाई सुचनामैत्री, सुद्बृद वनाउने,करका दर तथा दायरा वृद्धि तथा नीतिमा पुनरावलोकन, आन्तरिक आयलाई वैज्ञानिक वनाउने उल्लेख गरेको छ । यस वर्ष पालिकाले आन्तरिक राजस्वतर्फ रु.२९ करोड ६६ लाख १० हजार असुली गर्ने लक्ष्य राखेतापनि रु. १५ करोड ५ हजार अर्थात ५०.७७ प्रतिशत असुली भएको छ । पालिकाको यस वर्षको मुख्य मुख्य शीर्षकगत लक्ष्य असुली यसप्रकार रहेको छः

रु हजारमा

| राजस्व शीर्षक | लक्ष्य | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पतिकर | ९००० | ८९०५ | ९८.९६ |
| भूमिकर मालपोतकर | ८५०० | ७३१३ | ८६.०५ |
| वहालकर | ६००० | ७००९ | ११६.८२ |
| नक्सापास दस्तुर | ८००० | ६६७२ | ८३.४ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ४००० | ६५९९ | १६५ |

यसका अतिरिक्त वहाल विटौरी कर, सवारी साधन कर, अखेटोपखेटोमा लाग्ने कर, पार्किङ शुल्क, व्यवसायकरमा राजस्व असुली भएको छैन । यी क्षेत्रलाई करको दायरामा ल्याई अपेक्षित लक्ष्य प्राप्तिमा पालिकाको ध्यान जानुपर्दछ ।

७१ **वहाल करः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ४ वमोजिम कुनै व्यक्ति वा संस्थाले भवन,घर, पसल, ग्यारेज,वर्कसप, गोदाम भाडामा लगाएमा अनुसुची ४ वमोजिम तोकिएको दरमा कर लगाईने उल्लेख छ । यस पालिकाको मुख्य वडा १,२, ३, ५,६ लगायत रहेको र घरभाडा कर उठ्ने सम्भावना भएको देखिएको छ । यस वर्ष सम्म पालिका भित्र के कति घरधनी दर्ता भएको छन एकीकृत लगत विवरण उपलव्ध हुन सकेन । घरभाडा वापत पालिकाले रु. ६० लाख असुल गर्ने लक्ष्य राखेकोमा रु. ७० लाख ९ हजार असुली भएको छ । लक्ष्य अनुसार राजस्व असुल भएतापनि घरवहाल कर स्थानीय तहको प्रमुख आर्थिक स्रोत हो तर घरवहाल करमा पालिकाले घरभाडा कर तिर्ने करदाताको म्यापिङ(Mapping) गरेको देखिएन । साथै कति करदाताले घरभाडा कर दाखिला गरे नगरेको समेत एकिकृत लगत सिस्टमवाट देखिदैन । घरवहाल करलाई करको दायरामा ल्याई राजस्वको दायरा विस्तार गर्नुपर्दछ ।

७२ **सम्पत्ति करः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा २ वमोजिम पालिका क्षेत्र भित्र अनुसुची १ वमोजिम सम्पत्तिकर लगाईने उल्लेख छ । यसवर्ष पालिकाभित्र सम्पति कर तिर्ने करदाता के कति रहेको छन् विवरण प्राप्त हुन सकेन। पालिकाले रु.९० लाख असुल गर्ने लक्ष्य राखेकोमा रु.८९ लाख ५ हजार असुली भएको छ । सम्पत्ति कर स्थानीय तहको प्रमुख आर्थिक स्रोत हो तर सम्पत्ति करमा पालिकाले कर तिर्ने करदाताको म्यापिङ(Mapping) गरेको देखिएन । साथै कति करदाताले कर दाखिला गरे नगरेको समेत एकिकृत लगत सिस्टमवाट देखिदैन । सम्पत्ति करलाई करको दायरामा ल्याई राजस्वको दायरा विस्तार गर्नुपर्दछ ।

७३ **नक्सापासः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को अनुसुची १२ वमोजिम नक्सापास दस्तुर लगाईने उल्लेख छ । यो वर्ष नक्सापासमा रु.८० लाख असुल गर्ने लक्ष्य राखेकोमा ६६ लाख असुल भएको छ ।यस वर्ष २४ घरधनीहरुले नक्सापास , १० वटा नामसारी र ४५ वटाले अभिलेखीकरण गरेको रेकर्डवाट देखिन्छ ।नगरपालिकाभित्र कूल ९२००० घर धनी रहेकोमा के कति घरधनीहरुले नक्सापास गरेका छन र वाँकी कतिले दायरामा आएका छन् स्पष्ट रेकर्ड नै नभएकोले विश्लेषण गर्न सकिएन ।करको दायरमा नआएका घरधनिहरुलाई दायरमा ल्याई साथै अभिलेखीकरण का लागि प्राप्त निवेदन उपर समयमै निर्णय गर्ने र घरधनिहरुलाई घर नम्सा अभिलेखीकरण गरी सम्पन्न प्रमाणपत्र जारी गर्नुपर्दछ ।

७४ **व्यवसाय करः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ५ वमोजिम पालिका क्षेत्र भित्र अनुसुची ६ वमोजिम व्यवसायकर लगाईने उल्लेख छ ।यस पालिकाको कार्यक्षेत्रभित्र कूल करदाता २५९८८ रेकर्डमा देखिएकामा कति करदाताले नियमित कर दाखिला गरे वांकी कति छन् कुनै स्पष्ट रेकर्ड नै नभएकोले विश्लेषण गर्न सकिएन । व्यवसाय करमार्फत यसवर्ष रु. ४० लाख हजार राजस्व असुल गर्ने लक्ष्य राखेकोमा रु. ६५ लाख ९९ हजार असुली भएको छ । यस नगरपालकिको ५वटा वडा वजारीकृत र अर्धवजारीकृत अकला क्षेत्रमा थुप्रै व्यवसायजन्य क्रियाकलाप हरु भएको देखिएकोले यस क्षेत्रमा थप पहल गरी राजस्वको दायरामा वढीत्तरी गर्नुपर्दछ ।

७५ **पर्यटन शुल्क आम्दानीः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा १२ वमोजिम पालिका क्षेत्र भित्र सञ्चालनमा रहेका केवलकार, स्थानीय पर्यटन,मनोरञ्जन तथा साहसिक खेलकुद तथा एतिहासिक स्थल, पुरातात्विक स्थल, धार्मिक क्षेत्रवाट तोकिएको दरमा प्रवेश शुल्क अनुसुची १२ वमोजिम शुल्क लगाईनेउल्लेख छ ।यस वर्ष पालिकाले पर्यटन क्षेत्रवाट आम्दानी गर्ने लक्ष्य राखेको पाईएन । विश्व शान्तिका अग्रदुत गौतमवुद्धको अस्थिधातु रहेको प्रसिद्ध रामग्राम स्तूपा( गौतम वुद्धको मावली ) रहेको यस क्षेत्र नगरपालिका भित्र रहेको, लुम्विनीमा वार्षिक रुपमा घुम्न आउने पर्यटक यस क्षेत्रमा पनि आउने प्रचुर सम्भावना रहेको छ । यस सम्वन्धमा रामग्राम स्तूपाको कर्मचारीसंगवाट सन् २०२३ मा के कति पर्यटकले भ्रमण गरेका छन् विवरण माग गर्दा १३४६९ पर्यटकको आगमन भएको देखिन्छ । तर यस क्षेत्रवाट प्राप्त हुने राजस्व शुन्य रहेकोले यसक्षेत्रलाई महत्त्वम उपयोग गरी मनग्य राजस्व असुली गर्न सकिने रहेको छ । पालिकाले यस क्षेत्रको भरपूर उपयोग गरी राजस्व अभिवृद्धि गर्नेतर्फ गम्भीर ध्यान जानुपर्दछ ।

७६ **विज्ञापन करः**

पालिकाको आर्थिक ऐन, २०८० को दफा ८ वमोजिम विज्ञापन कर लगाईने व्यवस्था छ । पालिकाले यो वर्ष विज्ञापन कर असुली गर्नको लागि रु. ४ लाखमा ठेक्का आव्हान गर्ने निर्णय भएको भएतापनि हालसम्म यस शीर्षकवाट कुनै रकम असुली भएको छैन ।

विज्ञापन करलाई करको दायरामा ल्याई राजस्व अभिवृद्धिमा जोड दिनुपर्दछ ।

७७ **वक्यौता व्यवस्थापनः**

यस वर्षसम्म दर्ता भएका कूल करदाता २५९८८ रहेतापनि के कति करदाताले करदाखिला गरे साथै २०८१ आषाढ सम्म के कति करदाताले कर तिर्न वांकी रहेको छ वांकी वक्यौता कति हो सोको अद्यावधिक विवरण पेश हुन सकेन । पालिकाले करदाताको वक्यौता अभिलेख रियलटाईम अद्यावधिक भएको पाईएन तसर्थः करदाताको रियल टाईम वक्यौता देखिने गरी प्रणालीको विकास गरी लगत अद्यावधिक गर्नुपर्दछ ।

७८ **ढुंगा गिटी वालुवाको करः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) मा पालिकाले आफ्नो क्षेत्र भित्रको वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा विक्रीवापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्नुपर्दछ । लुम्विनी प्रदेश आर्थिक ऐन,२०८० दफा ८ अनुसुची ६ संग सम्वन्धित स्थानीय तहले ढुंगा गिट्टी बालुवा उत्खनन ठेक्का सम्झौता प्रदेश सरकारले तोकेको दरमा सम्झौता गरी संकलन गर्नुपर्ने व्यवस्था छ ।

नगरपालिकाले २०७९ मा २ वर्षको लागि तुरिया खोला र भलुही खोलाको प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अनुसार उत्खनन तथा विक्री गर्न सकिने परिमाण क्रमशः ५१४६३२.६० क्यु फिट र १८३५४७.६३ क्यु फिट नदिजन्य पदार्थको प्रदेश दर रु. ८ अनुसार न्युनतम् रु. ५५८५४४१.८४ राजस्व आम्दानी हुने देखिएकोमा यस वर्ष यो क्षेत्रवाट पालिकाले विगत वर्षदेखि आम्दानी प्राप्त गरेको छैन । ती दुवै खोलाको ठेक्का लगाउंदा रु ५५८५४४१।०० राजस्व प्राप्त हुनेमा ठेक्का व्यवस्थापन वा अमानतवाट समेत नहुंदा लाखौ राजस्व नोक्सानी भएको छ । अतः पालिकाले ती क्षेत्रवाट राजस्व प्राप्त गर्न समयमै ठेक्का व्यवस्थापन गरी राजस्व वढोत्तरीमा ध्यान जानुपर्दछ ।

७९ **व्यवसाय करः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ५ वमोजिम पालिका क्षेत्र भित्र अनुसुची ६ वमोजिम व्यवसायकर लगाईने उल्लेख छ ।नगरपालिकाको कार्यक्षेत्रभित्र दर्ता भएका उद्योग व्यवसायमध्ये केही उद्योहरुको नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारका उद्योगहरुले विगत ३ वर्षदेखि कर दाखिला गरेको नदेखिएकोले करको दायरामा ल्याई असुली गर्नुपर्ने रु

| उद्योगी व्यवसायीको विवरण | आर्थिक वर्ष | वार्षिक कर | कर वक्यौता |
|---|---|---|---|
| कञ्चनजंगा डाईग्नोसिस सेन्टर | २०७९।८० देखि २०८१।८२ | २५०००।०० | ७५०००।०० |
| नेपाल पेपर ट्रेडिङ प्रा.लि | २०८०।८१ र २०८१।८२ | २००००।०० | ४००००।०० |
| भुसाल प्लाई एण्ड व्यम्वो ईण्डष्ट्रिज | २०७९।८० देखि २०८१।८२ | ८५५०० | २५६५००।०० |
| जम्मा | | | ३७१५००।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,७१,५०० |

८० **पोखरीको आम्दानीः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा १८ वमोजिम पालिकाले संकलन गर्ने सेवा शुल्क आय, हाटवजार, पसल, जडिवुटी, कवाडी, जीवजन्तु, विज्ञापन जस्ता क्षेत्रवाट तोकिएको दरमा कर लगाईने उल्लेख भएको छ । पालिकाको क्षेत्रभित्र वडा नं १०१ पोखरी पहिचान भएकोमा सो वर्ष ती पोखरीको कुनै पनि ठेक्का आय प्राप्त भएको देखिएन । उपरोक्त पोखरीहरु मध्ये ४४ वटा पोखरीको मात्र रु.४३७९६२०।०० राजस्व प्राप्त हुंने राजस्व परामर्श समितिको २०७७।०१।०८ को निर्णयवाट देखिएको छ ।पुरै पोखरीको ठेक्का लगाउंदा कम्तिमा पनि रु. १ करोड भन्दा वढी राजस्व प्राप्त हुने देखिन्छ । तर यस शीर्षकमा विगत वर्ष २०७७।७८ देखि कुनै आय प्राप्त नभएकोले पालिकालाई करोडौ राजस्व नोक्सानी भएको छ ।विगत लामो समयदेखि ठेक्का नलाग्नुको कारण केहो पहिचान गरि यो क्षेत्रवाट प्राप्त हुने राजस्वलाई दायरामा ल्याई वढोत्तरीतर्फ गम्भीर ध्यान जानुपर्दछ ।

## ८१ पोखरी आय ठेक्काः

पालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ को नियम १३८ मा आय ठेक्का वन्दोवस्त सम्वन्धी व्यवस्था छ । पालिकाले संकलन गर्ने सेवा शुल्क आय, हाटवजार, पसल, जडिवुटी, कवाडी, जीवजन्तु, विज्ञापन जस्ता क्षेत्रवाट तोकिएको दरमा कर लगाईने उल्लेख भएको छ ।नगरपालिकाको क्षेत्रभित्र हाटवजारको लागि ६ वटा स्थान तोकी ती क्षेत्रवाट ठेक्कावाट राजस्व असुली गर्न ठेक्का आव्हान भएकोमा लेखापरीक्षण हुंदा देहायको अवस्था देखिएको छ ।

| सि नं | ठेक्का नं | हाटवजार क्षेत्र | ठेक्का अंक | ठेक्का सकार फर्म | राजस्व दाखिला | वांकी |
|---|---|---|---|---|---|---|
| १ | ००१।२०८०।८१ | साप्ताहिक वुघवारे | २३७०५००।०० | वाई एण्ड वाई कन्स्ट्रक्सन | २३७०५००।०० | देखिएन |
| २ | ००२।२०८०।८१ | शनिवारे हाटवजार | २१४१५००।०० | वाई एण्ड वाई कन्स्ट्रक्सन | २१४१५००।०० | देखिएन |
| ३ | ००३।२०८०।८१ | मंगलवारे पशु हाटवजार | ४०५५०००।०० | एस एस कन्स्ट्रक्सन | ४०५५०००।०० | देखिएन |
| ४ | ००४।२०८०।८१ | मंगलवारे र शुक्रवारे | ६२६०००।०० | वाई एण्ड वाई कन्स्ट्रक्सन | ६२६०००।०० | देखिएन |
| ५ | ००५।२०८०।८१ | सोमवारे र शुक्रवारे | ७८५५००।०० | वाई एण्ड वाई कन्स्ट्रक्सन | ७८५५००।०० | देखिएन |
| ६ | ००६।२०८०।८१ | साप्ताहिक शुक्रवारे | ११००००।०० | यादव कन्स्ट्रक्सन | ११४४४६।०० | देखिएन |
| जम्मा | | | १००८८५०० | | १००९२९४६ | |

उपरोक्तानुसार नियमावलीको प्रावधान अनुसार पालिकाले २० लाख भन्दा माथिको कवोल अंक भएको ठेक्कामा अनिवार्य रुपमा E-bidding को माध्यामवाट गर्नुपर्नेमा म्यानुअल पद्धतिवाट स्थानीय स्तरको पत्रिकामा सुचना प्रकाशित गरी गरेको छ । म्यानुअल पद्धितवाट ठेक्का व्यवस्थापन हुंदा मिलेमतो हुने तथा प्रतिस्पर्धा सीमित हुने जोखिम हुने देखिन्छ । ठेक्काको सि.नं १,२,४ र ५ को ठेक्कामा एउटै व्यवसायीले ठेक्का प्राप्त गरेको देखिंदा प्रतिस्पर्धा सीमित भएको देखिएको छ । अतः ठेक्का आव्हान गर्दा रु.२० लाख भन्दा माथि अनिवार्य रुपमा E-bidding को माध्यामवाट ठेक्का गर्नुपर्दछ ।

ख. पालिकाले उपरोक्त क्षेत्रको ठेक्का व्यवस्थापन हुंदा विगत वर्षको ठेक अंकमा १० प्रतिशत वढोत्तरी हुने गरी कायम गरेको छ । तथापि ठेक अंक कायम गर्दा के आधारले गरेको हो स्पस्ट परिमाण र दर खुल्ने प्राविधिक प्रतिवेदन संलग्न गरी राखेको पाईएन जसवाट ठेक्का अंक यति नै हो भन्ने यकिन गर्न सकिएन।

## ८२ अवैध ढुंगा वालुवा आयः

नगरपालिकाको आर्थिक ऐन,२०८० को दफा ८ मा स्थानीय उत्पादन विक्री शुल्क लगाईने राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको सण्डा पुलको उत्तर पश्चिम रामग्राम १ मा १०८१०६.७४ क्यु फिट तथा सण्डा पुलको उत्तर पूर्व रामग्राम १७५१२९.९२ क्यु फिट वरावरको अवैध ढुंगा गिटी वालुवा चोरि निकासी पैठारी गर्ने उदेश्यले खोला किनारमा डम्प गरि राखेको भनी उक्त क्षेत्रवाट आय प्राप्त गर्न नगरकार्यपालिकाको मिति २०८१।०२।२५मा ठेक्का लगाउने निर्णय गरेकोमा लुम्विनी प्रदेशको दर रु.४ ले गणना गर्दा रु.११,३२,९४६।०० को आय प्राप्त हुनेमा सोवापत हालसम्म आम्दानी ठेक्का व्यवस्थापन गरी आय संकलन भएको नदेखिएकोले राजस्व दाखिला भएको प्रमाण पेश हुनुपर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,३२,९४६ |

## ८३ वि.ओ क्यु भन्दा वढी भुक्तानीः

जोकवार देखि करमैनी सडक निर्माण वडा नं ९ मा NCB. RAM/EB 079.80/QF/01 कूल रु. ३ करोड १६ लाख ५८ हजारको लागतमा निर्माण व्यवसायी कार्की पूजा जेभी संग मिति २०७९।१२।०५ मा सम्झौता भएकोमा म्याद थपसहित २०८१।०२।३२ मा कार्यसम्पन्न भएको छ । फाईल परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन्

वि.ओ.क्यु भन्दा वढी भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम कार्यसम्पन्न भएको योजनाको प्राविधिक नापजाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पाँचौ रनिङ्ग तथा अन्तिम विल भुक्तानीको क्रममा निम्नानुसारको आईटममा वि ओ क्युमा भन्दा वढी परिमाण भेरियसन नगरी भुक्तानी गरेको छ । कार्यालयले कुनै आईटममा थप घट भई भुक्तानी सृजना हुंदा

आन्तरिक भेरियसन आदेश स्वीकृत गराउनुपर्नेमा सो नगरी सिधै भुक्तानी हुंदा थप व्ययभार पर्ने देखिएको अनियमित देखिएको रु.

| विओ क्युआईटम नं | BOQ परिमाण | भुक्तानी परिमाण | फरक | दर | रकम |
|---|---|---|---|---|---|
| २१ plum concrete | ४४३ | ६७१ | २२८ | ७००० | १५९६००० |
| १८ STONE MESONARY | ४६९ | ५२८ | ५९ | ६४०० | ३७७६०० |
| जम्मा | | | | | १९७३६०० |

| | |
|---|---|
| अनियमित भएको | १९,७३,६०० |

८४ **विद्युत महशुल वक्यौताः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्वस्था छ। त्यस्तै सोही नियमावलीको नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ ।नेपाल विद्युत प्राधिकरण विद्युत महशुल संकलन नियमावली,२०७८ को नियम ७ मा सार्वजनिक सडकमा बत्ति बाल्ने प्रयोजनका लागि स्थानीय तह वा टोल/सडक क्षेत्रका नागरिकले उपभोक्ता समूह गठन गरी छुट्टै मिटर जडान भएका र नभएका सडक बत्तिसँग सम्बन्धित उपभोक्ताहरू सम्बन्धि व्यवस्था गरेको छ ।त्यस्तै नियम १३ मा सामुदायिक थोक उपभोक्ताः ग्रामीण क्षेत्रमा सामुदायिक रूपमा विद्युत वितरण सेवा प्रदान गर्ने उद्देश्यले सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई एक विन्दुमा मिटर जडान गरी त्यस क्षेत्रका उपभोक्ताहरूलाई विद्युत वितरण गर्न नेपाल विद्युत प्राधिकरणेंग सम्झौता गरेका वितरक संस्थाहरू भनी वर्गीकरण गरेको छ । विद्युत महशुल दर तथा महशूल गणना विधि समेत ग्राहक तथा स्थान विशेष फरक व्यवस्था रहेको छ। त्यस्तै नेपाल विद्युत प्राधिकरणले २०८०।८।०६ मा गोरखापत्रमा सुचना प्रकाशन गरी बाँकी बक्यौता तथा महशुल समयमै बुझाउन सबै ग्राहकहरुमा अनुरोध गरेको पत्र रहेको छ । यस पालिकाले गत विगतको रु.३,९७,१८,३६७।०० बाँकी बक्यौता देखिएको छ । पालिकाको वडा नं १ देखि १८ वडाहरुमा सडक वत्ति रहेकोमा उक्त सडक वत्ति कहिले बाट जडान भएको हो सो को यकिन विवरण छैन । हाल उक्त सडक बत्तिको अवस्था के रहेको छ ? कुन कुन सडक वत्ति बलिरहेको छन् र के कति मर्मत गर्नुपर्ने अवस्थाका रहेका छन सो को अभिलेख तथा विवरण लेखापरीक्षणमा प्राप्त भएन ।हालसम्म उक्त सडक बत्तिको मिटर जडान तथा मिटर रिडिङ्ग बेगर भुक्तानी भएको देखिन्छ ।पालिका तथा नेपाल विद्युत प्राधिकरण बिच भएको सम्झौता के रहेको छ ? उक्त पोल बत्ति जडान गर्दा लागेको पोलको खर्च प्राधिकरणले सोधभर्ना गरे नगरेको यकिन विवरण समेत नरहेको अवस्थामा विद्युत महशुलमा ढिला गरी रकम दाखिला गर्दा ठूलो मात्रामा हर्जना लाग्ने हुंदा समयमै वजेट व्यवस्था नगर्ने र एकिन गरी महशुल भुक्तानी हुने निर्णय नगर्ने पदाधिकारीलाई जिम्मेवार वनाई यस्तो महशुल भुक्तानीलाई सार्थक र मितव्ययी बनाउन पालिकाको गम्भिर ध्यानाकर्षण हुनुपर्दछ ।

८५ **नम्सभन्दा वढी भुक्तानीः** (24,37,69-):

सडक विभागबाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७८ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औषत ०.४ देखि ०.६ सम्म हुने उल्लेख छ। कार्यालयले निम्नलिखित योजनाको निर्माणको क्रममा कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी १ बर्ग प्रतिलिटरकै दरले भुक्तानी दिएको पाईयो । स्पेशिफिकेशन नम्सभन्दा प्रतिस्क्यर मिटर ०.४ वढी भुक्तानी भएको देखिएकोले देखिएकोले सम्वन्धितलाई जिम्मेवार वनाई असुल गर्नुपर्ने रु.

| सि नं | गो भौ नं | योजनाको विवरण | भुक्तानी परिमाण | ट्याककोट हुनुपर्ने लि . | दर | वढी रकम |
|---|---|---|---|---|---|---|
| | | | खपतभएको प्राईम कोड × ० . ६० | | | |
| १ | २४ | चम्किपुर उनचव सडक | ३२३ | २२३ | १९० | १९००० |
| २ | ३७ | कुनवर प्रतिक्षालय | ५५५ | ३७४.४ | १९० | ३४३१४ |
| ३ | ६९ | पुरानो न . पाचोक सडक | ८६७.९१ | ५२०.०२ | १४० | ४८५५२ |
| ४ | ६७ | गोदामघर देखि दक्षिणतर्फ | ४८६ | ८१० | २१० | ८६०६१ |
| ६ | ४३ | सन्तपुर पिच गर्ने कार्य | ४१७ | २७६ | १९० | २६९४२ |
| १२ | २३५ | सुनवलदेखि संजयवर्मा | ४०२ | २४१ | २१० | ३३६५४ |
| | जम्मा | | | | | २४८५२३ |

| असुल गर्नुपर्ने | २,४८,५२३ |
|---|---|

८६ **नमुना विद्यालय अनुदानः** (71-२०८१-३-२४):

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका¸२०७९।८० को बुँदा न ८.२ मा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक पूर्वाधार निर्माण कार्यका लागि प्रति विद्यालय बार्षिक रु.५० लाख देखि रु.१ करोडसम्म अनुदान उपलब्ध गराउन सक्ने र उक्त रकम विद्यालयसँग भाद्र मसान्त भित्र सम्झौता गर्नुपर्ने र विद्यालयले असार १५ सम्ममा कार्य सम्पन्न गरी सोको कार्यसम्पन्न प्रतिवेदन एक प्रति स्थानीय तहमा बुझाउनुपर्ने उल्लेख छ । अनुदान रकम सम्झौता गरी पहिलो किस्ता कुल अनुदानको ३० प्रतिशत दिई स्ट्रक्चरल कार्य सम्पन्न भए पछि दोस्रो किस्ताको रुपमा ५० प्रतिशत र कार्य सम्पन्न भएपछि २० प्रतिशत अनुदान उपलब्ध गराउने उल्लेख छ । पालिकाले कार्यान्वयन पुस्तिका बमोजिम किस्तामा रकम उपलब्ध नगराई श्री आदर्श मा.वि. परासीलाई एकमुष्ट रु.७८ लाख ५ हजार निकासा दिएको छ । लेखापरीक्षण अवधिसम्म पनि उक्त निर्माण कार्य सम्पन्न गरी नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश गरेको नदेखिएकोले कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिमको कार्य सम्पन्न गरी प्रतिवेदन पेश हुनुपर्ने रु. ७८०५०००।००

| प्रमाण पेश नगरेको | ७८,०५,००० |
|---|---|

८७ **धरौटी मिलानः** (131-):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६४ मा कार्यालयले आफ्नो नामवाट एकल कोष धरौटी खातामा जम्मा गरेको धरौटी रकमको गोश्वरा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयको आर्थिक वर्ष २०७७।७८ मा थर्ड आई टेकको नामवाट रु.११४५२५।०० जिम्मेवारी सारी ल्याएकोमा गो भौ नं ९ वाट सोही रकम फिर्ता भएको छ, २०७७।०९।२९ मा निज निर्माण व्यवसायीले रु. ३७०००।०० दाखिला गरेकोमा २०७८ मा गो.भौ.नं १३१ वाट पुनः १५१५२५।०० फिर्ता भई समग्रमा रु ११४५२५।०० वढी फिर्ता भएकोले हिसाव मिलान हुन सकेको देखिएन ।तसर्थ वढी फिर्ता भएको रकम सम्वन्धितवाट फिर्ता हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | १,१४,५२५ |
|---|---|

८८ **विद्यालय निर्माण समितिवाटः** (234-२०८०-११-१७):

सार्वजनिक खरिद ऐन, नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउन सक्ने प्रावधान रहेको छ। त्यसैगरी नियम ९८ मा श्र १ लाख सम्मको कार्य अमानतबाट गराउन सक्ने उल्लेख रहेको छ। कार्यालयले मूख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम पूजीगत तर्फको गोश्वारा भौचर नं. २३४। २०८०।१२।२७ बाट पवन मा. वि. लाई ४ कोठे भवन निर्माण कार्य गर्न रु ४६ लाख निकासा दिइ खर्च लेखेको छ। उक्त विद्यालय एक सरकारी विद्यालय भएको हुँदा विद्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८

उपदफा (१) बमोजिम इलेक्ट्रोनिक बोलपत्रको माध्यमबाट ठेक्का ब्यवस्थापन गरी उक्त विद्यालय भवन निर्माण कार्य गर्नु गराउनुपर्नेमा सो बमोजिम नगरी विद्यालयमा विद्यालय ब्यवस्थापन समिति रहँदा रहँदै समेत अर्को एक उपभोक्ता समिति गठन गरी उपभोक्ता समिति गठन गरि उपभोक्ता समिति र विद्यालयले अमानतमा विद्यालय भवन निर्माण गरेको जनाई खर्चको विल भरपाई संलग्न गरेको आधारमा भुक्तानी दिइ खर्च लेखेको छ। त्यसैगरी यसप्रकार गठन गरेको उपभोक्ता समितिका सदस्यहरु समेत कानुन बमोजिम उपभोक्ता समितिमा वस्न नहुने शिक्षक, कर्मचारी, जनप्रतिनिधी तथा व्यवस्थापन समितिका सदस्यहरु समेत रहेको छैनन भन्ने आधार र पुष्ट्याँई देखिँदैन। यस प्रकार उक्त विद्यालयले उपभोक्ता समिति गठन गरेको जनाई अमानतबाट गरेको उक्त निर्माण कार्य कानुन विपरित देखिएकोले यस सम्बन्धमा यथार्थता छानविन गरी यकिन गरिनुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ४६,८५,८९३ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : रामग्राम नगरपालिका, नवलपरासी , रामग्राम नगरपालिका , नवलपरासी बर्दघाट सुस्ता पश्चिम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मोहन अर्याल | २०८०-६-१० | |
| कार्यालय प्रमुख | यम बहादुर कुवर | २०८१-३-७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | संजय कुमार बढई | २०८०-६-१० | |
| लेखा प्रमुख | kundan kumar chaudhary | २०७६-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,२२८,२५२ | २५,३८३,२४७ | १६,५५०,५२१ | ० | ० | ६०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४४,२२२,०२० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४४,२२२,०२० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १५७७६३४३०.११ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५६१२९९६१६.८१ | चालु खर्च | ४३६७५२८९४.३५ |
| प्रदेश सरकारबाट अनुदान | ३१६९१४८८ | पूँजीगत खर्च | ३८४४७१७३८.९५ |
| राजश्व बाँडफाँट | ११४७८८४८२.५९ | वित्तीय/अन्य व्यवस्था | २३९०२७५६७.७५ |
| आन्तरिक आय | ११३२६३४४६.८८ | | |
| अन्य आय | २५१०५१४८९.०७ | | |
| कुल आय | १०७२०९४५२३.३५ | कुल खर्च | १०६०२५२२०१.०५ |
| बाँकी मौज्दात | | १६९६०५७५२.४१ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ।अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुन्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण भएकोमा प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन गरी आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।